# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (७), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, भाद्र २६ गते २०८० साल, सङ्ख्या ५**

## भाग-२

**यस सूर्योदय नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली, निर्देशिका र कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# सूर्योदय नगरपालिकाको बजार अनुगमन कार्यविधि, २०८०

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची–८ बमोजिम उपभोक्ता हित संरक्षण गर्नको लागि बजार अनुगमनको जिम्मेवारी स्थानीय तहलाई तोकिएको हुँदा उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न थोक तथा खुद्रा विक्री स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा सेवा प्रदायक वा विक्रेताको व्यावसायिक कारोबार र व्यापारिक क्रियाकलापको नियमन गर्न नियमित रूपमा प्रभावकारी बजार अनुगमन गर्न वाञ्छनीय भएकोले,

सूर्योदय नगरपालिकाको उपभोक्ता हित संरक्षण ऐन, २०७८ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको बजार अनुगमन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "अनुगमन टोली" भन्नाले सूर्योदय नगरपालिकाले गठन गरेको बजार अनुगमन टोली सम्झनुपर्छ।

(ख) "उपभोक्ता हित संरक्षण समिति वा समिति" भन्नाले सूर्योदय नगरपालिकाको उपभोक्ता हित संरक्षण ऐन, २०७८ को दफा ३ बमोजिम उप प्रमुखको संयोजकत्वमा गठित समिति सम्झनुपर्छ।

(ग) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिकाको कार्यालय सम्झनुपर्छ।

(घ) "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादक, आयात कर्ता, भण्डारण वा विक्री वितरण गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ङ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनुपर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।

(च) "विक्रेता" भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा विक्रेता, सेवा प्रदायक सम्झनुपर्छ। सो शब्दले होटल, लज, होष्टेल, खाजाघर संचालक आदिलाइ समेत जनाउने छ ।

(छ) "स्थानीय सरकार" भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनुपर्छ ।

(ज) "सेवा" भन्नाले व्यावसायिक सेवा, सञ्चार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तीय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर/पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनुपर्छ ।

(झ) "समिति" भन्नाले उपभोक्ता हित संरक्षण समिति भन्ने सम्झनुपर्छ।

(ञ) नगरपालिका भन्नाले सूर्योदय नगरपालिका सम्झनुपर्छ।

## परिच्छेद –२

## बजार अनुगमन सम्बन्धी व्यवस्था

**३. वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन नगरपालिकाले निम्न व्यवस्था गर्नु पर्नेछ –**

(क) गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्व सुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण गर्न कार्यालयमा उपभोक्ता हित संरक्षण शाखा/इकाई/डेक्सको व्यवस्था गरी नियमित र प्रभावकारी बजार अनुगमनको व्यवस्था गर्ने,

(ख) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित कानुनको कार्यान्वयनमा जोड दिने,

(ग) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्य योजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई विशेष प्राथमिकतामा राख्ने,

(घ) उपभोक्तालाई सचेत र जागरूक तुल्याउन वडा समितिको कार्यालयदेखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ङ) आफ्नो नगरपालिका अन्तर्गत स्थापित वा सञ्चालित उद्योग व्यवसायको दर्ता, नवीकरण, बिल वीजक तथा बिक्रीको लागि राखिएका माल वस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्ति, आदिको अनुगमन गर्ने,

(च) तरकारी पसल, फलफूल पसल, माछा पसल, मासु पसल, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तुको बिक्री स्थलको मापदण्ड तोक्ने र छुट्टै फलफूल तथा तरकारी बजार र वध शालाको व्यवस्था गर्ने,

**४. बजार अनुगमन टोली गठन:**

(१) वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको नियमित एवम् आकस्मिक अनुगमनको लागि नगरपालिकाले बजार अनुगमन टोली गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने अनुगमन टोलीमा देहाय बमोजिमको पदाधिकारीहरू रहने छन्:

(क) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखाको प्रमुख – संयोजक

(ख) सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि – सदस्य

(ग) स्थानीय प्रशासनको प्रतिनिधि – सदस्य

(घ) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि – सदस्य

(ङ) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरू मध्येबाट मनोनीत एक जना – सदस्य

(च) उद्योग वाणिज्य सङ्घको प्रतिनिधि एक जना सदस्य – सदस्य

(छ) पत्रकार महासङ्घ/सञ्चारकर्मी एक जना – सदस्य

(ज) नगरपालिकाले तोकेको अधिकृतस्तरको कर्मचारी १ जना – सदस्य

(३) अनुगमन टोलीमा कम्तीमा ५ जना प्रतिनिधि संलग्न भइ बजार अनुगमन सम्बन्धी कार्य गरिने छ। अनुगमन टोलीले आवश्यक ठानेमा कार्यालयका अन्य कर्मचारीहरूलाई समेत बजार अनुगमन कार्यमा सहभागी गराउन सक्नेछ। तर कुनै विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत क्षेत्रको विज्ञ/प्रतिनिधि अनिवार्य रूपमा समावेश गराउनु पर्ने छ। (विषयगत विज्ञ वा प्रतिनिधि भन्नाले जस्तै खाद्य वा कृषि उपजको लागि खाद्य निरीक्षक वा उपलब्ध नभएमा कृषि प्राविधिक बुझिनेछ।)

(४) उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा इकाइले बजार अनुगमनको एकीकृत प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

५. **बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार:** दफा ४ बमोजिम गठित बजार अनुगमन टोलीले प्रचलित कानुन बमोजिम देहाय अनुसारका कार्यहरू गर्नुपर्नेछ:

(क) बजार अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतीको लागि समितिमा पेश गर्ने,

(ख) स्वीकृत कार्य योजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलेमतो पूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृतिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/ नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/गुणस्तरहिन) कम तौल भएको देखिएमा/भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोबार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(च) उपभोक्ता हित संरक्षण समितिबाट समय समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने,

(छ) सम्पन्न बजार अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

६. **बजार अनुगमन कार्यविधि:**

(१) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा निम्न विषयमा विशेष ध्यान दिनु पर्नेछ:

(क) विक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण–पत्र, स्थायी लेखा नम्बर (पान) को प्रमाण–पत्र, खाद्य अनुज्ञा–पत्र, औषधी पसल दर्ता प्रमाण–पत्र लगायतका आवश्यक कागजातहरू लिएको छ/छैन हेर्ने । साथै प्रमाणपत्र नियमित रूपमा नवीकरण भए/नभएको हेर्ने । प्रमाणपत्र नलिएको वा

नवीकरण गरेको नदेखिएमा बढीमा ७ दिन भित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने ।

(ख) विक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ/छैन हेर्ने । नराखेको भए ३ दिन भित्रमा राखी कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(ग) सेवा प्रदायकले वस्तुको विक्री कक्षमा मूल्य सूची राखेको छ /छैन हेर्ने । नराखेको भए ३ दिन भित्रमा राखी कार्यालयलाई सो को जानकारी दिन लिखित निर्देशन दिने ।

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठीक छ /छैन हेर्ने।

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन हेर्ने।

(च) औषधि वा औषधि युक्त पदार्थ भए सो को प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने । औषधी विज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए/नभएको एवं औषधि विक्रेता प्रमाणपत्र समेत हेर्ने ।

(छ) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, बिस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू फेला परेमा नष्ट गर्ने।

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको छ/छैन हेर्ने । पुन: लेबलिङ्ग वा छपाई गरेको पाइएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने।

(झ) माछा, मासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटेल वध शाला वा माछा मासु विक्री स्थल सफा-सुग्घर र मापदण्ड अनुसार छ/छैन हेर्ने । नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरिबाना गर्ने ।

(ञ) विक्रेता वा क्रेतालाई वस्तुको विल वीजक जारी गरेको छ/छैन हेर्ने । विल अनिवार्य गर्न निर्देशन दिने ।

(ट) एक प्रकारको व्यापार व्यवसाय गर्ने स्वीकृति लिई अर्को प्रकारको समूह वा प्रकृतिमा पर्ने वस्तु एउटै ठाउँबाट बेच-बिखन गर्ने गरेको छ /छैन हेर्ने । यदि रहेछ भने १० दिनभित्र छुट्याएर बेग्लाबेग्लै ठाउँबाट नियमानुसार इजाजत लिई बिक्री वितरण गर्न लिखित निर्देशन दिने।

(ठ) बजार अनुगमन फाराम अनुसूची- ३ बमोजिम हुने छ ।

(२) नगरपालिकाले अनुसूची–२ मा उल्लिखित वस्तु र सेवाको अनुगमन गर्न उपभोक्ता हित संरक्षण हेर्ने शाखालाई लिखित कार्य विवरण तोक्नु पर्नेछ । सोही आधारमा बजार अनुगमन टोलीले बजार अनुगमन सम्बन्धी कार्य गर्नु पर्नेछ ।

## परिच्छेद–३

## उजुरी सम्बन्धी व्यवस्था

**७. उजुरी दिन सक्ने:**

(१) कुनै पनि व्यक्तिले कुनै वस्तु वा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरीत व्यापारिक क्रियाकलाप गरेको भनी उपभोक्ता हित संरक्षण समिति वा बजार अनुगमन टोली वा कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखामा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको निकायले मौखिक वा लिखित उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा सो लाई समेत उजुरीको रूपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा विक्रेता वा सेवा प्रदायकले प्रचलित कानुन वा मापदण्ड विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाहीको प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारबाहीमा चित्त नबुझेमा विक्रेताले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा उजुरी दिन सक्नेछ ।

## परिच्छेद–४

## अनुगमन सम्बन्धी प्रक्रिया

**८. अनुगमनको पूर्व तयारी: अनुगमन टोलीले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नु पर्नेछ :**

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन-कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित ऐन नियमहरू, विवरण र चेकलिस्ट साथै लिइ जानुपर्नेछ ।

(ग) वस्तु तथा सेवाको आपूर्ति, विक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्नेछ ।

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्नेछ ।

**९. बजार अनुगमन गर्ने प्रक्रिया:**

(१) बजार अनुगमन गर्दा अनुगमनमा खटिने व्यक्तिले आफ्नो परिचय पत्र देखाई बजार अनुगमन गर्नु पर्नेछ । अनुगमन टोलीका संयोजकले अनुगमनको आवश्यकता बारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा विरोध गरेमा बाधा विरोध गर्ने व्यक्ति वा व्यावसायीलाई प्रचलित कानुन बमोजिम कारबाहीको लागि बजार अनुगमन टोली वा समिति वा सम्बन्धित शाखा वा कार्यालयले सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

(३) अनुगमन टोलीले बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमुना सङ्कलन गर्नुपर्ने देखिएमा प्रचलित कानुन बमोजिम नमुना सङ्कलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको अनुसूची ४ बमोजिमको स्थलगत मुचुल्का बनाउनु पर्नेछ । सम्बन्धित व्यवसायीले मुचुल्का दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरूको रोहबरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षणको लागि यथाशीघ्र सम्बन्धित निकायमा नमुना सहित लेखि पठाउनु पर्नेछ ।

(४) अनुगमन टोलीले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ ।

(५) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमुना सङ्कलन गरी प्रमाणको रूपमा सुरक्षित राखि अरू प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रिया पुर्‍याई सम्बन्धित व्यावसायी र उपस्थित व्यक्तिहरूको रोहबरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ । सङ्कलित नमुना आवश्यकता अनुसार परीक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ ।

**१०. दण्ड जरिबाना :**

(१) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ । खानतलासीबाट वस्तु वा सेवाको विक्री वितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ तथा त्यस्ता बस्तु अनुगमन टोलीले कब्जामा लिई नियमानुसार कार्यवाही बढाउने छ ।

(२) अनुगमन गर्दा कुनै कानुनी कारबाही गर्नुपर्ने देखिएमा अनुगमन टोलीले सम्बन्धित व्यवसायीसँग तुरुन्त लिखित स्पष्टीकरण माग गर्न सक्नेछ ।

(३) अनुगमन टोलीको प्रतिवेदन वा नमुना परीक्षणबाट गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा प्रचलित कानुन बमोजिम अनुसन्धान तहकिकातको लागि निरीक्षण अधिकृत तोक्ने गरी मुद्दा दायर गर्न समितिबाट निर्णय गराई यथाशीघ्र अभियोजन अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखि आएमा सम्बन्धित अधिकारीले प्रचलित कानुन बमोजिम प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिम अनुगमन टोलीले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यवसायीले नै व्यहोर्नु पर्नेछ ।

(६) अनुगमन गरिएका माल वस्तुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनुपर्ने भएमा स्थानीय सरकार संचालन ऐन, २०७४ वा नगर सभाबाट स्विकृत कानुनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा खाद्य नियमावली, २०२७ को नियम १० वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २७ अनुरूप वा नेपाल गुणस्तर ऐन, २०३७ वा प्रचलित कानून बमोजिम नमूना संकलन गर्नुपर्नेछ।

(७) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा प्रचलित कानून बमोजिम हुनेछ ।

(८) बस्तु वा मालसामान सिलबन्दी गर्नुपर्दा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।खाद्य नियमावली, २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २८ र २९ वा नेपाल गुणस्तर ऐन, २०३७ वा स्ट्याण्डर्ड नापतौल ऐन, २०२५ वा प्रचलित कानून अनुसार गर्नुपर्नेछ ।

(९) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्न सक्नेछ । यसरी सिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधी दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सकिनेछ ।

(१०) उपदफा (९) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्यहरू गरी सिलबन्दी हटाई पाउँ भनी कार्यालयमा निवेदन दिएमा कार्यालयको टोलीले बजार अनुगमन गराई सुधार भएको पाइएमा सिलबन्दी हटाई दिन सक्नेछ । सुधार भएको नपाइएमा कानून बमोजिम कारवाही अगाडि बढाउनेछ ।

(११) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (UNFAIR TRADE PRACTICES), कानूनद्धारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप (RESTRICTIVE TRADE PRACTICES) र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप ( (MONOPOLICSTIC TRADE PRACTICES) भए नभएको विषयमा समेत अनुगमनका क्रममा हेर्नुपर्नेछ ।

## परिच्छेद –५

## आचार संहिता

**११. आचार संहिता: बजार अनुगमन गर्न जाने अनुगमन टोलीले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :**

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन।

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन।

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने विक्रेता व्यवसायीबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन।

(घ) अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नुहुँदैन।

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन।

(च) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिनु हुँदैन।

(छ) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरू प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन ।

(ज) अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारबाही गर्न सकिनेछ।

(झ) मानव अधिकारवादी सङ्घसंस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् । तर सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्धारा नै कार्य सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद –६

## विविध

**१२. बजार अनुगमन समितिको कार्यक्रम तथा बजेटः**

(१) नगरपालिकाले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ बार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ।

(२) नेपाल सरकारबाट बजार अनुगमनका लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नुपर्नेछ।

(३) बार्षिक कार्यक्रममा उपभोक्ता सचेतनाको कार्यक्रम समेत समावेश गर्नुपर्नेछ।

(४) बजार अनुगमनको क्रममा नमूना संकलन गर्दा प्रदायकलाई वस्तुको मूल्य भूक्तानी गरी बील लिनु पर्ने हुन्छ।

(५) बजार अनुगमन टोलीमा खटिएका व्यक्तिहरूलाई खाजा र दैनिक भत्ता रु १०००।– का दरले उपलब्ध गराउनुपर्नेछ तर सुर्योदय नगरपालिकाभन्दा बाहिरबाट बिषयगत विज्ञता प्राप्त भएको अनुगमनकर्ता ल्याउनुपरेमा निजलाइ यातायात, आवास सहित दैनिक भ्रमण भत्ता उपलब्ध गराउन यस कार्यबिधि बमोजिम बाधा पर्ने छैन ।

**१३.** स्थानीय प्रशासनको कर्तव्यः बजार अनुगमन गर्दा अनुगमन टोलीले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

**१४.** असल नियतले गरेका काम बचाऊः यस कार्यविधि बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन।

**१५.** प्रचलित कानुन बमोजिम हुनेः (क) यस कार्यविधिमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन।

**१६.** **दण्ड सजायः** स्थानीय सरकार संचालन ऐन, २०७४ वा नगर सभाबाट स्वीकृत कानुनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा प्रचलित कानून (उपभोक्ता हित संरक्षण ऐन नियम, खाद्य ऐन नियम, औषधी विक्री वितरण सम्बन्धी ऐन नियम, कालो बजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, मासु जाँच ऐन, लगायतका) अधिनमा रही बजार अनुगमनबाट दोषी पाइएका व्यवसायी उपर कानुनी कारवाही र दण्ड सजाय गर्नु पर्नेछ।

**१७.** **प्रतिवेदन**: बजार अनुगमनको मासिक प्रगति प्रतिवेदन अनुसूची–१ अनुसार तयार गर्नुपर्नेछ।

**१८.** **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले सो सम्बन्धी आवश्यक निर्णय गर्नेछ।

**१९.** **संशोधनः** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधीनमा रही नगर कार्यपालिकाको हुनेछ।

## अनुसूची-१

**(दफा १७ सँग सम्बन्धित)**

**बजार अनुगमनतको मासिक प्रतिवेदनको ढाँचा**

श्री सूर्योदय नगरपालिका

नगरकार्यपालिकाको कार्यालय फिक्कल इलाम ।

**विषयः– बजार अनुगमनको मासिक प्रतिवेदन ।**

आज मिति २० / / देखि २० / / सम्म निम्न स्थानहरूमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि.न. | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको क्षेत्र/प्रकृति/वस्तुहरु | अनुगमनको विवरण (परिमाण अवस्था र अन्य कुरा) | सामान जफत तथा बरामदको विवरण | नष्ट गरिएको वस्तु र परिमाण | शिलबन्दी गरिएको वस्तु र परिमाण | नमुना संकलन गरिएको वस्तु र मात्रा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

..................................

संयोजक

बोधार्थ-

श्रीमान अध्यक्ष ज्यू, उपभोक्ता हित संरक्षण समिति, सूर्योदय नगरपालिका, फिक्कल, इलाम ।

## अनुसूची –२

### (दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

(अ) अनुगमन गरिने वस्तुको वर्गीकरण: बजार अनुगमनको क्रममा विभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नु पर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गीकरण गरिएको छ ।

### समूह "क" –खाद्यान्न माछा/मासु जन्य/तरकारी फलफूल/दैनिक उपभोग्य सामाग्री

(१) खाद्यान्न तथा खाद्य पदार्थहरू नुन, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि

(२) अप्रशोधित, अर्ध प्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू,

(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,

(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,

(५) (५) खाद्य पदार्थ विक्री वितरण गरिने विक्रीस्थल र भण्डारगृह वा संचय स्थल,

(६) खाने तेल, घिउ (वनस्पती घिउ समेत),

(७) दुध तथा दुग्ध पदार्थहरू र दूध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरू,

(८) माछा, मासु, अण्डा,

(९) मसलाजन्य पदार्थहरू (जिरा, मरिच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रूपमा उपभोग गरिने पदार्थहरू)

### समूह "ख" औषधी एवं स्वास्थ्य सेवा

(१) औषधी तथा औषधीजन्य पदार्थहरू (पशुपंक्षी औषधी तथा जडिबुटीमा आधारित औषधी समेत),

(२) औषधी उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल,

(३) अस्पताल, नर्सिङहोम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक सस्थाहरु ।

### समूह "ग" रासायनिक मल/विषदी/विउ बिजन/कृषि औजारः

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरू समेत,

(२) रासायनिक मल, विषादी, बिउविजन, कृषि औजारहरु,समूह

### "घ" इन्धनः

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरूको परिपालना,

## समूह "ङ" निर्माण सामाग्रीः

(१) ढुङ्गा, इटा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल ।

## समूह "च" शैक्षिक सामाग्रीः

(१) पाठ्य सामग्री, स्टेशनरी लगायतका शैक्षिक सामाग्रीहरु ।

(२) शिक्षा कार्यविधि अनुसार विद्यालयहरुको शूल्क आदि ।

## समूह "छ" होटल/लज/रेष्टुरा/खाजाघर/चमेना गृह/लजः

(१) होटल/रेष्टुरा/खाजाघर/चमेना गृह/लजको सरसफाइ तथा अन्य व्यवस्थापन

(२) प्रशोधित र अप्रशोधित वस्तुहरुको भण्डारण

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरूमा बिक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी बिक्री हुने खाद्य पदार्थहरू, हल्का पेय पदार्थहरू, मदिराजन्य पदार्थ,

## समूह "ज" सुर्तिजन्य पदार्थः

(१) सुपारी, पानपराग, सुर्‍ती, विडी, चुरोट तथा सुर्तीजन्य पदार्थ ।

## समूह "झ" नाप तौलः

(१) ढक, तराजु लगायतका नापतौलमा प्रयोग हुने उपकरणहरू ।

## समूह "ञ" पशुपंक्षी हाट बजारः

(१) (पशुपंक्षी हाटबजार तथा बिक्री स्थल ।

## समूह "ट" सौन्दर्य सामाग्रीः

(१) विभिन्न प्रकारका सौन्दर्य सामाग्रीहरु

(२) व्यूटि पार्लर/सैलुन आदि

## समूह "ठ" विद्युतीय सामानहरुः

(१) विद्युतीय सामानहरू,

(२) इलेक्ट्रनिक्स सामानहरू ।

## समूह "ड" रङ्ग/रोगनः

(१) विभिन्न कम्पनिका भवन सम्बन्धी रङ्ग र रङ्ग रोगन संबन्धी सामाग्रीहरु

## समूह “ढ” गरगहना

(१) सुन, चाँदि, हिरा, मोती, जवाहरत तथा सो बाट निर्मित गरगहनाहरुको नापतौल एवम् गुणस्तर ।

## समूह “ण” सवारी साधन

(१) ट्याक्सी, भेन, कार, अटो, बस आदिको भाडा आदि ।

## समूह “त” अन्यः

(१) अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरू,

## अनुगमन गरिने सेवाको विवरणः

(१) व्यापारिक

(२) संचार सेवा

(३) स्थल यातायात तथा हवाई सेवा

(४) स्वास्थ्य सेवा,

(५) शिक्षा सेवा,

(६) वित्तिय सेवाहरु ।

(७) खानेपानी सेवा,

(८) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरू

(९) बिद्युत सेवा

## अनुसूची – ३

### (दफा ६ को उपदफा (१) को खण्ड (ठ) सँग सम्बन्धित)

### दैनिक बजार अनुगमन फारम

(बजार अनुगमन फारमको प्रमाणित प्रति सम्बन्धित व्यवशायीलाई दिनु पर्नेछ)

मितिः

व्यापारिक प्रतिष्ठानको नामः श्री

ठेगानाः

प्रोपाइटर वा फर्मधनीको नामः

फोन नं .

यस कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोलीबाट तपाईको विक्रीस्थल/गोदाम/उद्योगको निरीक्षण गर्दा निम्न अनुरूपको स्थिति भेटिएकोले देहायअनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ ।

| क्र.स. | विवरण | भएको | नभएको | टोलीबाट दिइएको निर्देशन |
|---|---|---|---|---|
| (१) | मुल्य सूची | | | |
| (२) | साइनबोर्ड | | | |
| (३) | ब्यवसाय दर्ता/नवीकरण | | | |
| (४) | नापतौलको विवरण | | | |
| (५) | लेवलमा खुलाउनुपर्ने कुराहरु स्पष्ट उल्लेख | | | |
| (६) | म्याद नाघेको सामाग्री | | | |

| | | | | |
|---|---|---|---|---|
| (७) | स्थायी लेखा नम्बर -PAN_/भ्याट मा दर्ता | | | |
| (८) | बिक्रि बिल दिने प्रक्रिया | | | |
| (९) | खाद्य अनुज्ञा-पत्र -खाद्य उद्योगको लागि_ | | | |
| (१०) | मिठाइको गुणस्तर लगायतका पक्षहरु सन्तोषजनक | | | |
| (११) | सरसफाइ सन्तोषजनक | | | |
| (१२) | ग्यासको मुल्य र तौल सन्तोषजनक | | | |
| (१३) | खरीद बिल | | | |
| (१४) | यस अघि दिइएका निर्देशनहरुको पालना | | | |
| (१५) | | | | |
| (१६) | | | | |
| (१७) | | | | |
| (१८) | | | | |
| (१९) | | | | |

एकपटक दिइएका निर्देशनहरुको पून: अनुगमन गर्दा पालना भएको नपाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही गरिने छ ।

निरीक्षण टोली:

संयोजक श्री.................................................... .............

सदस्य श्री...................................................... .............

सदस्य श्री...................................................... ..............

सदस्य श्री...................................................... .............

सदस्य श्री....................................................... ..............

........................................................................ ..............

........................................................................... ..............

............................................................................ ...............

माथि उल्लेखित विवरण ठीक छ भनी सही गर्ने उत्पादक/विक्रेताको नाम-

सही -

उत्पादक/विक्रेताको छाप-

**अनुसूची ४**

**(कार्यविधिको दफा ९ को उपदफा (३) सँग सम्बन्धित)**

## मुचुल्का

इलाम जिल्ला सुर्योदय नगरपालिका वडा न. ....टोल....................................मा खडा गरेको घटनास्थल बरामदी खानतलासी शिलछाप लगाएको मुचुल्का -

१.उजुरी वा  सूचनाको छोटकरी विवरण-

२. चारकिल्ला सहित खानतलासि बरामदी गरिउका चिजबस्तुको नमूना तथा ठाँउको विवरण-

३.बरामद भएको सामान /दसीको विवरण/शिलछाप गरिएको विवरण-

क_

ख_

ग_

४.खानतलासी/बरामदी भएको देखे बमोजिम सहीछाप गर्ने साक्षी -(नाम ,थर, वतन समेत)

क_

ख_

ग_

५.रोहवरमा बस्नेहरुको नाम, थर, उमेर, वतन र सहीछाप -

क_

ख_

ग_

६.निरीक्षण टोलीले मेरो पसल, गोदाम, उद्योगमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन। माथि प्रकरण ३ मा उल्लेख भएका चिज वस्तु तथा सामानहरु .................................. पसल, गोदाम, उद्योगबाट बरामद भएको हो। साथै निरीक्षण टोलीले लगाएको शिल थान........छाप भएको ठीक साँचो हो भनी सहीछाप गर्ने-

क_

ख_

ग_

७. काम तामेलि गर्ने-

क_

ख_

ग_

मिति-

समय-

# सूर्योदय नगरपालिकाको वातावरणमैत्री स्थानीय शासनसम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना:** सूर्योदय नगरपालिका क्षेत्रभित्र वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औधोगिक र भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरणगर्दै वन, पन्छी, वनस्पती, जैविक विविधताको संरक्षण सम्वर्द्धन र दिगो उपयोग गर्ने तथा पर्यावरणीय दिगो विकासका सिद्दान्त अवलम्बन गर्नुका साथै वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, फोहोरमैला व्यवस्थापन एवम् विपद् व्यवस्थापन, हरित गृह ग्यास उत्सर्जनमा न्यूनीकरण, कानूनी तथा नीतिगत प्रावधानहरुको प्रभावकारी कार्यान्वयनको लागि, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा २ र सूर्योदय नगरपालिकाको वातावरण संरक्षण ऐन, २०७६ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यविधी, २०८०" रहेको छ ।

(ख) यो कार्यविधी कार्यपालिकाबाट स्वीकृत भई प्रमाणीकरण भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा:

(क) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिका , नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिका सम्झनु पर्छ ।

(ग) “नगर प्रमुख” भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(घ) “नगर उप प्रमुख” भन्नाले सूर्योदय नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले सूर्योदय नगरपालिका भित्रको वडा सम्झनु पर्छ ।

(च) “वडाअध्यक्ष” भन्नाले सूर्योदय नगरपालिकाको वडाको वडा अध्यक्ष सम्झनुपर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "टोल विकास" संस्था भन्नाले टोलको समग्र विकास गर्ने उद्देश्यले गठन भई सूर्योदय नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा दर्ता भएको संस्था सम्झनु पर्छ ।

(झ) "संयोजक" भन्नाले वातावरणमैत्री वडा घोषणा गर्ने कार्यक्रमको संयोजन गर्ने व्यक्ति सम्झनु पर्छ ।

**३. वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समितिः** (१) नगरपालिकामा देहायबमोजिमको वातावरण मैत्री स्थानीय शासन नगर समन्वय समिति रहने छ :

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) नगर उप प्रमुख | सदस्य |
| (ग) वन वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) नेपाल प्रहरी स्थानीय ईकाइ प्रमुख | सदस्य |
| (च) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| (छ) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (ज) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य |
| (झ) जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | सदस्य |
| (ञ) जिल्ला समन्वय समिति अधिकृत प्रतिनिधि | सदस्य |
| (ट) सामुदायिक विद्यालयका प्रधानाध्यापकबाट ३ जना (१ महिला सहित) | सदस्य |

(ठ) सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष मध्येबाट २ जना — सदस्य

(ड) उद्योग वाणिज्य सङ्घका अध्यक्ष — सदस्य

(ढ) गैर सरकारी संस्था स्थानीय समन्वय समितिका प्रमुख — सदस्य

(ण) वन वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख — सदस्य सचिव

(२) यो समितिको कार्यक्षेत्र नगरपालिका भित्र रहनेछ ।

(३) नगर समन्वय समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय तहमा सञ्चालन हुने वातावरण संरक्षण सम्बन्धी कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन तथा समिक्षा गर्ने ।

(ख) वडालाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास तथा सहयोग समन्वय र सहजीकरण गर्ने ।

(ग) वडालाई वातावरणमैत्री घोषणा गर्ने तथा घर टोललाई वातावरणमैत्री घोषणा गर्ने सहमति प्रदान गर्ने ।

(घ) वातावरणमैत्री नगर घोषणा गर्न सिफारिस गर्ने

(ङ) वातावरणमैत्री घर परिवार,टोल तथा वडा सम्बन्धी विवरण आवश्यकता अनुरुप जिल्ला समन्वय तथा राष्ट्रिय समितिमा पठाउने ।

(च) वातावरणमैत्री टोल एवम् वडालाई पुरष्कृत र प्रोत्साहन गर्न सिफारिस गर्ने ।

(छ) परिस्कृत सूचक हासिल गर्ने वडालाई तारा सहितको लोगो प्रदान गर्ने ।

(ज) नगरको विशिष्टताको आधारमा थप सूचक समावेश गर्नु पर्ने भए सहमतिका लागि वातावरणमेत्री स्थानीय शासन जिल्ला समन्वय समिति मार्फत राष्ट्रिय समन्वय समिति समक्ष अनुरोध गर्ने ।

(झ) स्थानीय तहलाई पूर्णरुपमा वातावरणमैत्री बनाउन आवश्यक अन्य कार्यहरु गर्ने ।

(ञ) स्थानीय तहका सार्वजनिक कार्यालयहरुलाई वातावरण मैत्री सार्वजनिक कार्यालय तोक्ने ।

४. **वातावरणमैत्री वडा समन्वय समिति:** (१) पूर्ण सरसफाई तथा वातावरणमैत्री वडा घोषणा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने नगरपालिकाको वडा तहमा देहाय बमोजिमको वातावरणमैत्री वडा समन्वय समिति (वातावरण समिति)रहनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडा अध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित वडा सदस्यहरु | सदस्य |
| (ग) सामुदायीक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट २ जना | सदस्य |
| (घ) स्थानीय स्वास्थ्य शाखाका प्रमुख | सदस्य |
| (ङ) टोल विकास संस्थाकाको अध्यक्ष मध्येबाट (२ महिला सहित )५ जना | सदस्य |
| (च) नेपाल प्रहरी, स्थानीय ईकाइ प्रमुख | सदस्य |
| (छ) सामुदायिक वन उपभोक्ता समिति भए मध्येबाट १ जना | सदस्य |
| (ज) क्रियाशील गैर सरकारी संस्थाका स्थानीय प्रतिनिधि १ जना | सदस्य |
| (झ) वडा सचिव | सदस्य सचिव |

(२) यो समितिको कार्यक्षेत्र सम्बन्धित वडा/ वडाहरुको कार्यक्षेत्र भित्र रहनेछ ।

(३) वातावरणमैत्री वडा समन्वय समितिको काम, कर्तव्य,अधिकार र जिम्मेवारी देहाय बमोजिमको हुनेछ ।

(क) वडा तहमा सञ्चालन हुने वातावरण संरक्षण, विपद् व्यवस्थापन, भु-उपयोग योजना कार्यान्वयन, जलवायु परिवर्तन अनुकूलन र

फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने ।

(ख) घर परिवार टोललाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास सहयोग समन्वय तथा सहजीकरण गर्ने ।

(ग) आधारभुत सूचक पूरा गर्ने घर परिवार र टोललाई वातावरण मैत्री घोषणा गर्ने ।

(घ) वातावरणमैत्री वडा घोषणा गर्न नगरपालिका समक्ष सिफारिस गर्ने ।

(ङ) परिस्कृत सूचक हासिल गर्ने घर परिवार तथा टोललाई तारा सहितको लोगो प्रदान गर्ने ।

(च) वातावरणमैत्री घर परिवार टोलको विवरण त्रैमासिक/अर्धवार्षिक/बार्षिक रुपमा नगरपालिकामा पठाउने।

(छ) वातावरण मैत्री घर परिवार र टोललाई पुरस्कृत र प्रोत्साहन गर्न सिफारिस गर्ने ।

(ज) वडालाई वातावरणमैत्री वनाउन आवश्यक अन्य कार्यहरु गर्ने ।

**५. कार्यक्रम सञ्चालन र क्षमता विकास:**

(१) नगरपालिकाले स्वीकृत वार्षिक कार्यक्रमको परिधिमा रही उपलब्ध साधन स्रोतको भरपुर उपयोग गरि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) समितिको क्षमता विकास गर्न, समिति बैठक सञ्चालन खर्च,टोलबासीहरुको प्रतिनिधित्व रहने गरी टोल विकास समितिका पदाधिकारी समेतको क्षमता विकास/ तालिम सञ्चालन खर्च, अनुगमन तथा मूल्याङ्कन खर्च, प्रतिवेदन खर्च, होडिङ्ग बोर्ड, प्रमाण–पत्र छपाइ तथा वितरण, सञ्चार, प्रचार-प्रसार, प्लेकार्ड, पम्प्लेट छपाई खर्च र घोषणा हुने कार्यक्रममा हुने खर्च आदि जस्ता विषयमा कार्यक्रमको बजेटबाट खर्च हुने गरी लागत अनुमान बमोजिम खर्च गर्न सकिनेछ ।

(३) टोल-समुदाय तहमा देहाय बमोजिमका क्षमता विकासका कार्यक्रमहरू सञ्चालन हुनेछन् :

(क) नगरपालिकाको वडाभित्र कार्यरत स्वयंसेवक, टोलका पदाधिकारीहरु, सामाजिक अभियन्ताहरुलाई जिम्मेवारी र भूमिका थप गर्न वातावरणमैत्री स्थानीय शासनको प्रारुप सम्बन्धी विषयमा समुदायको क्षमता अभिबृद्धिका लागि परिचालन गर्नुपर्नेछ ।

(ख) टोल विकास संस्था/ टोल विकास समितिका सदस्यहरु, महिला स्वास्थ्य स्वयंसेविका,आमा समूह, युवा क्लब तथा वन उपभोक्ता समूह जस्ता सामुदायिक संस्थाहरुलाई वातावरणमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण तथा क्षमता विकासका लागि तालिमहरु सञ्चालन गर्नु पर्नेछ ।

(ग) समुदाय टोल एवम् वडाहरुमा वातावरणमैत्री स्थानीय शासनबारे प्रचार-प्रसार र अन्य जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(घ) अगुवा कृषकहरु मार्फत प्राङ्गारिक खेती,उन्नत खेती, खेतबारी संरक्षण तथा रासायनिक विषादीको नकरात्मक असरबारे कृषकहरुलाई प्रर्दशनी-चेतना जागरण र सीप प्रदान गर्ने गराउने जस्ता क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

(ङ) क्षमता विकास सम्बन्धी उपरोक्त क्रियाकलापहरु वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति मार्फत सञ्चालन गर्नु पर्नेछ ।

(च) फोहोरको उत्सर्जनमा न्यूनीकरण गर्ने उद्देश्यले फोहोरमैलाको वर्गीकरण गरी पुनःचक्रण (Recycle) र पुन:प्रयोग(Reuse) हुने फोहोरलाई Recycle र Reuse गर्ने कार्यमा प्रोत्साहन हुने खालका कार्यक्रम तथा तालिमहरु प्रदान गर्नु पर्नेछ ।

(४) वडा तहमा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ :

(क) वडा भित्रका महिला स्वास्थ्य स्वयसेविका, युवा क्लब र विद्ययालयका सम्बन्धित विषय शिक्षक तथा सामाजिक अभियान्ताहरुलाई वातावरणमैत्री स्थानीय शासनको अवधारणा, परिवार तह तथा वडा तहका सूचकहरु, सूचक हासिल गर्ने विधि र प्रकृया, मापन गर्ने विधि र प्रकृया बारे सम्बन्धित वडाको अगुवाईमा अभिमुखीकरण कार्यक्रम गर्नु पर्नेछ ।

## ६. वातावरणमैत्री घोषणा गर्ने आधार र प्रक्रिया:

(१) वातावरणमैत्री घोषणा गर्ने आधार:

(क) अनुसूची १ देखी ५ सम्म उल्लेख भएका सूचकहरुमध्ये न्यूनतम सत्तरी प्रतिशत सूचकहरु पुरा गरेको अवस्थामा घर, टोल, वडा, नगरपालिका वा सरकारी कार्यालयलाई वातावरण मैत्री घोषणा गर्न सकिनेछ ।

(ख) खण्ड (क) बमोजिम वातावरणमैत्री घोषणा गर्दा पूरा गरेका सूचकहरुको पुष्ट्याईँको आधार स्पष्ट रुपले खुलेको हुनुपर्नेछ ।

(२) सूचकको वर्गिकरण: घर परिवार, टोल र वडा तहको लागि वातावरणमैत्री स्थानीय शासनका मानकका रुपमा अनुसूचीहरुमा उल्लेखित भए बमोजिम छुट्टाछुट्टै सूचकहरुको व्यवस्था गरिएको छ ।

(क) आधारभुत सूचक: घरपरिवार देखि जिल्ला तहसम्म अनिवार्य रुपमा पूरा गर्नुपर्ने गरी व्यवस्था गरिएका सूचकहरु आधारभुत सूचकहरु हुन ।

(ख) परिस्कृत सूचक: आधारभूत तह भन्दा माथिल्लो स्तरको सूचकहरुलाई परिस्कृत सूचकको रुपमा राखिएको छ ।

(३) वडा तह मापन गर्ने संयन्त्र: कार्यपालिकाका सदस्यहरु मध्येबाट वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समितिले तोकेको सदस्यको संयोजकत्वमा देहाय बमोजिमको सदस्यहरू रहेको संयन्त्रले वडा तहको सूचकहरूको मापन गर्नेछन् ।

(क) वातावरणमैत्री स्थानीय शासन नगर समन्वय

समितिले तोकेको कार्यपालिका सदस्य - संयोजक

(ख) नगरपालिकाको प्राविधिक कर्मचारी १ जना - सदस्य

(ग) खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका प्रमुख/ प्रतिनिधि १ जना - सदस्य

(घ) सम्बन्धित वडाका विद्यालयको प्रधानाध्यापक मध्येबाट १ जना - सदस्य

(ङ) वडा स्तरभित्र क्रियाशिल गैर सरकारी संस्थाका प्रतिनिधि १ जना - सदस्य

(च) नगरपालिका वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख/प्रतिनिधि – १ जना

(४) प्रमाण पत्रको वितरण : वातावरणमैत्री हुनका लागि पूरा गर्नु पर्ने घरतहको, टोल तह, वडा तहको सूचकहरु पूरा गरी घर, टोल तथा वडाका सूचकहरु हासिल गरिसके पछि स्थलगत अनुगमन गरि घर, टोल विकास संस्था र वडालाई तोकिएको ढाँचामा हरियो तारा सहितको लोगो र प्रमाण पत्र प्रदान गर्न सकिने छ । लोगो र प्रमाण पत्रको ढाँचा समितिले तोके बमोजिम हुनेछ ।

(५) वातावरणमैत्री वडा समन्वय समितिको समयावधि : यो समितिको वडालाई वातावरण मैत्री वडा घोषणा नगरुन्जेलसम्म मात्र रहने छ भने वातावरण संरक्षण कार्यलाई निरन्तरता दिनको लागि सो समिति वातावरण संरक्षण तथा सर-सफाई समितिमा स्वत रुपमान्तरण हुनेछ ।

**७. संशोधन:** यस कार्यविधिको समयानुकुल कार्यान्वयनका लागि सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

## सूर्योदय नगरपालिका भित्रको वडाको लागि वातावरणमैत्री स्थानीयशासनका सूचकहरु

नगरपालिका भित्रको वडाको लागि घरपरिवार तह, टोल तह, वडा तह गरी वातावरण स्थानीय शासनका चार तहका सूचकहरु पहिचान गरिएको छ । जसलाई देहाय बमोजिम अनुसूचीमा उल्लेख गरिएको छ ।

## अनुसूची -१

### १. घर परिवार तह:

### १.१. आधारभूत सूचक

नगरपालिकाको लागि घर परिवार तहका आधारभूत सूचकहरु देहाय बमोजिम रहेका छन् ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **क. सरसफाईको अवस्था** | | | |
| १.आधारभूत सरसफाई तथा घरभित्रको | १. शौचालयको व्यवस्था र त्यसको उचित प्रयोग भएको | | | |
| | २. फोहोरमैलालाई नगरपालिकाको मापदण्ड बमोजिम वर्गिकरण गरेको । | | | |

| | | | | |
|---|---|---|---|---|
| फोहोरको उचित व्यवस्थापन | ३. घरपालुवा जनावरको हकमा घरक्षेत्र बाहिर खुल्ला रुपमा दिसा गराउने नगरेको र गराएमा आफैले उठाएर आफ्नो घर परिसरमा लगि व्यवस्थित गर्ने गरेको । | | | |
| | | | | |
| **ख. स्वच्छ उर्जा प्रयोग** | | | | |
| १. उर्जाको उपयोग | १. घरभित्र उर्जा खपत कम गर्ने चिमको प्रयोग भएको<br>२. स्वच्छ वैकल्पिक उर्जा(जस्तै वायोग्यास सोलार, इन्डक्सन चुलो)को प्रयोग गरिएको ।<br>३. खाना पकाउन दाउरा प्रयोग गरेको अवस्थामा धुवाँरहित सुधारिएको चुल्हो प्रयोग गर्न प्रोत्साहन गरेको। | | | |
| | | | | |
| | | | | |
| **ग. हरियाली तथा शहरी सौन्दर्य** | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १. हरियाली तथा शहरी सौन्दर्य प्रवर्द्धन | १. घर कम्पाउण्डमा फलफुल तथा विभिन्न प्रजातीको बोट बिरुवाहरु भएको<br>२. घर परिषरमा विरुवा रोप्ने ठाउँ नभएको अवस्थामा छाना/छतमा बोट बिरुवा भएको वा कौशीमा तरकारी खेती गरेको। | | | |
| | **घ.खानेपानी** | | | |
| १.बर्षातकोपानीको सङ्कलन तथा भण्डारण | १. वर्षातमा घर कम्पाउण्ड भित्र परेको पानी सङ्कलन भण्डारण गर्ने व्यवस्था मिलाएको वा जमिनभित्र जाने व्यवस्था गरिएको । | | | |
| १.पिउने पानी | १. पिउने पानीका लागि शुद्धीकरणका उपायहरु अवलम्वन गरी सुरक्षित पानी प्रयोग गरिएको । | | | |

## १.२ परिस्कृत सूचक

नगरपालिकाको घर परिवार तहका लागि परिस्कृत सूचकहरु देहाय बमोजिम रहेका छन ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| **क. सरसफाईको अवस्था** | | | | |
| १.ढलको उचित व्यावस्थापन | घरमा सेप्टिक ट्याकीको व्यवस्था गरी सञ्चालनमा रहेको | | | |
| २.घरआँगन बाहिर सडकको सरसफाईको स्थिति | आफ्नो घर आँगन बाहिरको सडक वा बाटो सफा राख्ने गरेको । | | | |
| ३.प्लास्टिकको नियन्त्रण | प्लास्टिक झोलाको न्यून प्रयोगकोलागि त्यसको विकल्पमा जुट/कपडा वा कागजका झोला प्रयोग गर्न प्रोत्साहन गर्ने गरेको । | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| **ख. स्वच्छ उर्जा प्रयोग** | | | | |
| १.स्वच्छ उर्जाको प्रयोग | विद्युत सेवा पुगेको घरमा खाना पकाउन घरमा विद्युतीय उर्जा को प्रयोग गरेको र विद्युत आपुर्ति नपुगेको घर वा विद्युत आपुर्ति नहुने समयमा विकल्पको रुपमा सौर्य उर्जा वा अन्य नवीकरणीय उर्जा प्रयोग गर्ने गरेको | | | |
| **ग.हरियाली तथा शहरी सौन्दर्य** | | | | |
| १.घर परिसरमा खुल्ला ठाउँको व्यवस्थापन | घर निर्माण गर्दा नगरले निर्माण गरेको मापदण्ड बमोजिमको जमिनको क्षेत्रफल खाली राखेको । | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | नक्सा पास लागु हुनु पूर्व निर्माण सम्पन्न भएका घरको हकमा घर ले ओगटेको जमिनको क्षेत्रफल नगरको विकास निर्माण मापदण्ड अनुसार खाली राखेको | | | |
| २.शहरी सौन्दर्य | घर अगाडि विभिन्न जातका फूलहरु रोपेको/(स्थान उपलब्ध नभएमा) गमलामा कौशी तथा वरण्डामा रोपेको । | | | |
| **ङ भवन निर्माण संहिताको पालना** | | | | |
| सुरक्षित भवन निर्माण | १.घर निर्माण गर्दा भवन निर्माण संहिताको पालन गरी भुकम्प प्रतिरोधी प्रविधि अवलम्बन गरेको | | | |
| | २.भवन निर्माण संहिता पालन नगरी बनाएको घरको प्रवलीकरण गरेको । | | | |

# अनुसूची -२

**टोल तहः**

**२.१.आधारभूत सूचकहरुः**

नगरपालिकाको लागि टोल तहका आधारभुत सूचकहरु देहाय बमोजिमको रहेका छन् ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| **क. सरसफाईको अवस्था** | | | | |
| १.टोल विकास संस्था | स्थानीयटोल समुदायमा त्याहाँका ८०% वा सो भन्दा बढी घर-परिवार संलग्न भएको टोल विकास सस्था गठन भएको । | | | टोल विकास संस्था दर्ता प्रमाण पत्र र सदस्यता देखिने दस्तावेज |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| २.टोल सरसफाई अभियान | १. कम्तिमा महिनाको एक पटक नियमित रुपमा आफ्नो टोल समुदायको क्षेत्रभित्र सामुहिक रुपमासरसफाई अभियान सञ्चालन गर्ने गरेको ।<br>२. घरबाट बाहिर निष्काशन गरिने फोहोर सडक,पेटी र सार्वजानिक स्थानमा जम्मा नगरी सिधै सङ्कलन गर्न आउने सवारी साधनमा राख्ने गरेको वा नगरपालिकाले तोके बमोजिम ब्यवस्थापन गरेको । | | | सरसफाई कार्यक्रमको माइन्युट र फोटोहरु |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| ४. टोल विकास संस्थाको वातावरणीय सुशासन प्रर्वद्धन सम्बन्धी कार्यहरु | १. संस्थाको मासिक बैठक र साधारण सभामा स्थानीय वातावरण संरक्षण समिति सम्बन्धी छलफल तथा निर्णय गर्ने गरेको<br>२. विभिन्न अवसर पारी वातावरण संरक्षणका विविध कार्यक्रमहरुको आयोजना गर्ने गरेको | | | निर्णय पुस्तिका अध्ययन गर्ने |

**२.२ परिस्कृत सूचक**

नगरपालिकाको घर परिवार तहका लागि परिस्कृत सूचकहरु देहाय बमोजिम रहेका छन ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्रयाई |
|---|---|---|---|---|

| क. सार्वजनिक क्षेत्रको सरसफाई | | | | |
|---|---|---|---|---|
| १. सार्वजानिक क्षेत्रको सरसफाई | आफ्नो टोलभित्रका सार्वजानिक क्षेत्र (मठ मन्दिर, गुम्बा, मस्जिद, चर्च, सडक, पार्क, नाला, गल्ली, फुटपाथ, खोला, नदी, बगर, नहर, वन तथा चौर आदि) मा फोहोर फाल्न प्रतिवन्ध गरेको । | | | निर्णय पुस्तिका तथा सूचना पाटी |
| २.टोलमा हरियाली प्रवर्द्धन | टोलका विभिन्न स्थानमा नगरपालिकाले तोके बमोजिमका वा उर्पयुक्त प्रजाति र परिमाणका रुख विरुवा लगाई हरियाली प्रवद्धन गरेको । | | | |
| ३.ध्वनी प्रदूषण नियन्त्रण | टोलवासीको स्वास्थ्यमा प्रतिकुल असर गर्न सक्ने किसिमको ध्वनीको असर न्यूनीकरणका उपाय अवलम्बन गर्ने व्यवस्था गरेको । | | | |

# अनुसूची - ३

**३.३ वडा तह:**

**३.१.आधारभूत सूचकहरु:**

नगरपालिकामा वडा तह वातावरणमैत्री हुनका लागि वडाभित्रका सबै टोल /वस्तीहरु वातावरणमैत्रि भएको हुनु पर्नेछ । यसका अलवा नगरपालिकाको वडा तहका लागि आधारभुत सूचकहरु देहाय बमोजिमको तय गरिएको छ ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| **क.खानेपानी तथा सरसफाई** | | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| १.खानेपानीका मुहान तथा स्रोतको संरक्षण | १. वडामा भएका सबै खानेपानीको स्रोतको लगत राखी संरक्षण गरिएको र सबै पानीका स्रोतको गुणस्तर परिक्षण गरिएको ।<br>२. पानी सुरक्षा सम्बन्धी तालिमहरु सञ्चालन गरेको र वडाबासीलाई भुमीगत जलस्रोतको पुनर्भरण एवम् वहुउपयोगिताको निम्ति आकासे पानी संकलन र प्रयोगलाई प्रोत्साहन गर्न निति तथा कार्यक्रम तर्जुमा गरी लागु गरेको । | | | |
| २.फोहोरमैला व्यवस्थापन | १. घर घरवाट सङ्कलित फोहोर नगरपालिकाबाट तोकिएको स्थानमा विसर्जन गर्ने गरिएको ।<br>२. वडा परिसरमा प्लास्टिक झोलाको प्रयोगलाई कम गर्न वैकल्पिक उपायहरुको बारेमा प्रोत्साहन | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | गरिएको । | | | |
| ३. तालपोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन | १.टोल तथा वडा भित्रका सबै ताल पोखरी तथा सिमसार क्षेत्रको लगत कायम गरि सबै ताल पोखरी तथा सिमसार क्षेत्रको संरक्षणका लागी समिति गठन गरी संरक्षण कार्यक्रम सञ्चालन गरिएको । | | | |
| **ख.जलवायू परिवर्तन तथा विपद् व्यवस्थापन** | | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| विपद् व्यवस्थापन सम्बन्धी आधारभुत क्षमता विस्तृत अध्ययन तथा आपतकालिन सुरक्षित क्षेत्र | १. जलवायु परिवर्तन सम्बन्धी आधारभुत ज्ञान सिप तथा क्षमताको विकासका लागि समुदाय तहमा अनुशिक्षण कार्यक्रम सञ्चालन भएको<br>२. वडागत रुपमा विपद् जोखिम संकटासन्नता तथा क्षमता मूल्याङ्कन गरी प्रतिवेदन तयार भएको ।<br>३. विपद्को अवस्थामा तत्काल उद्धारको लागि सुरक्षित स्थल(खुल्ला क्षेत्र) निर्धारण गरी सो को संकेत प्रयोग गरिएको ।<br>४. विपद् जोखिम न्यूनीकरणको लागि वडा स्तरीय स्वयंसेवकहरुको समूह बनाई परिचालन गरेको । | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **ग .वन तथा भू-संरक्षण** | | | |
| १.वन संरक्षण तथा दिगो व्यवस्थापन | वडाको भुगोलभित्र रहेको बनको विस्तृत लगत राखेको र वडाभित्रको क्रियाशिल वन उपभोक्ता समितिसँग सहकार्य गरेको। | | | |
| २.पर्ति जमिनको व्यवस्थापन तथा हरियाली पवर्दन | पर्ति वा सरकारी वा सार्वजानिक जग्गाको नक्सा /विवरण सहितको लगत राखिएको र त्यस्ता जग्गामा बृक्षारोपण गरी संरक्षण गरेको | | | |

## ३.२ परिस्कृत सूचक

वडा तहका लागि परिस्कृत सूचकहरु देहाय बमोजिम रहका छन ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्रयाई |
|---|---|---|---|---|
| **क. सडक नाला व्यवस्थापन** | | | | |
| १.सडकनालाको व्यवस्थापन | १.वडाका सडकहरुमा बर्षादको पानी निकासा हुने कुलेसो वा नाली भएको ।<br>२.सडकको दाँया बायाँ रहेको नालीमा नियमित सफा गरिएको ।<br>३.सडक किनारमा रहेका विजुलीको पोल तथा तार व्यवस्थित भएको । | | | |
| **ख. कृषि** | | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्र्याई |
|---|---|---|---|---|
| १. प्राङ्गारिक विधिको कृषिलाई प्रोत्साहन | वडाका कृषकहरुलाई वाली विविधीकरण,कृषि जैविक विविधता संरक्षण, एकीकृत शत्रुजीव व्यवस्थापन र प्राङ्गारिक विधिमा आधारित खेतीबारे तालिम प्रदान गरेको । | | | वडाभित्र रहेका कृषकको लगत। कृषकहरु मध्ये उल्लेखित तालिम प्राप्त गर्ने कृषकहरुको विवरण |
| २. प्राङ्गारिक खेती प्रणाली प्रवर्द्धन कार्यक्रम | गाईगोठ सुधार भकारो सुधार तालिम सन्चालन र अनुदान | | | सहभागितात्मक लेखाजोखा,सहकारी संस्थाहरुमा रहेका |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्रयाई |
|---|---|---|---|---|
| | | | | विवरण,कृषि सेवाकेन्द्र /उपकेन्द्रमा रहेको विवरण |
| ३. प्राङ्गारिक खेती प्रणालीको अवलम्बन | १. वडाका तालिम प्राप्त व्यवसायिक कृषकहरुले जैविक वनस्पतीजन्य विषादीको प्रयोग गरी खेतीपाती गर्ने विधिलाई प्राथमिकता दिने गरेको। | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्रयाई |
|---|---|---|---|---|
| | २. वडाका सबै कृर्षकहरुले प्राङ्गारिक मलको प्रयोग गर्ने गरेको। | | | |
| **ग. जलवायू परिवर्तन तथा विपद् व्यवस्थापन** | | | | |
| १. वडा विपद् तथा जलवायु उत्थानशील | १.वडा स्तरमा सामुदायिक तथा जलवायु उत्थानशील समिति गठन भएको। | | | वडा कार्यालयमा रहेको तालिम सम्ब्रधी विवरण |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्रयाई |
|---|---|---|---|---|
| समिति गठन र क्षमता विकास | २.वडामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा स्थानीय युवा कल्व, आमा समुह, वन उयभोक्ता समिति, टोल विकास संस्था/टोल सुधार समिति जस्ता सामाजीक सङ्घ संस्थाका प्रतिनिधिहरुलाई समेटी जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण विषयमा सचेतना कार्यक्रम सञ्चालन गरेको र वडाका कम्तीमा दश प्रतिशत घर परिवारका | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्रयाई |
|---|---|---|---|---|
| | सदस्यहरुलाई जलवायु परिवर्तन तथा विपद् जोखिमबारे तालिम दिएको ।<br><br>३. विपद् प्रतिकार्यका लागि वडास्तरीय स्वयंसेवकहरुको समूह बनाई तालिम दिइएको र आवश्यकतानुसार परिचालन गरेको । | | | |
| **घ.वन तथा भू-संरक्षण** | | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्रयाई |
|---|---|---|---|---|
| १.वन संरक्षण तथा व्यवस्थापन | वडाको भुगोल भित्र रहेको वनको विस्तृत लगत राखेको र वडा भित्र कृयाशिल वन उपभोक्ता संस्था तथा सम्बन्धित वन कार्यालयको सहकार्यमा दिगो वन व्यवस्थापनको कार्यक्रम संचालन गरेको | | | वन नभएको वडामा यो सुचक लागु हुने छैन। |
| २. पर्ति वा सार्वजनिक वा सरकारी जग्गामा वृक्षारोपण तथा उद्यान व्यवस्थापन | १.वडाक्षेत्रको हालको पर्ती,सार्वजानीक,सरकारी जग्गामा वार्षिक रुपमा रुख,डालेघाँस /फलफुलका विरुवा रोपी हुर्काएको | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्रयाई |
|---|---|---|---|---|
| | २.वडाभित्रको सबै सरकारी तथा सार्वजानीक जग्गाको नक्सा र लगत सहितको विवरण राखिएको । ३.वडा भित्रको पर्ती, ऐलानी र सार्वजानीक जग्गामा बालक्रिडास्थल, उद्यान वा खेलकुद स्थान वा जेष्ठनागरिक विश्राम स्थलको व्यवस्था गरेको । | | | |
| **ङ. प्रदूषण रोकथाम र नियन्त्रण** | | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्रयाई |
|---|---|---|---|---|
| प्रदूषण गर्नेलाई दण्डको व्यवस्था | वडा भित्रका घर उद्योग  तथा अन्य व्यवसायहरुबाट निष्काशन हुने अत्याधिक ध्वनी,धुवाँ,धूलो आदि व्यवस्थित गर्न टोल विकास संस्था को सिफारिसको आधारमा नेपाल सरकारबाट तय गरिएको सिमा उल्लंघन गर्ने व्यक्ति, उद्योग वा संस्था लाई कारवाहीको लागि नगरपालिका तथा जिल्ला प्रशासन कार्यालय | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | समक्ष सिफारिस साथ पठाउने व्यवस्था भएको । | | | |

# अनुसूची-४

## ४.१ नगरपालिका तह

### (क) आधारभूत सूचक

वातावरण मैत्री नगरपालिका हुनका लागि नगरपालिका भित्रका सबै टोल र बस्तीहरु वातावरणमैत्री भएको हुनुपर्नेछ ।यसका अलवा नगरपालिकाका लागि देहायका आधारभूत सूचकहरु तय गरिएको छ ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| **क. खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन** | | | | |
| १.खानेपानीको रणनिती योजना ( Strategic Plan) निर्माण | १.स्वच्छ खानेपानी आवश्यकता पूरा गर्ने गरी रणनीतिक कार्ययोजना नगर सभाबाट स्वीकृत भएको । | | | स्वीकृत रणनीतिक योजना दस्तावेज |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
| --- | --- | --- | --- | --- |
| २.फोहोरमैला केन्द्रको स्थापना | सड्ने र नसड्ने फोहोरको वर्गीकरण गर्ने गरी फोहोरमैला केन्द्रको आवश्यक व्यवस्था गरेको ।<br><br>२.सड्ने फोहोरबाट प्राङ्गारिक मल बनाउन प्रोत्साहन गर्नको लागि कम्पोष्ठ वीनको वितरण भएको ।<br><br>३.फोहोरमैलाकोदिगो व्यवस्थापनको लागि व्यवस्थित ल्यान्डफिल्ड साइड वा | | | फोहोरमैला केन्द्रको लागि छुट्याइएको जग्गाको लगत र क्षेत्रफल,सञ्चालन मिति तथा नगरपालिकाको निर्णय । |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | एकीकृत फोहोरमैला व्यवस्थापनको अभ्यास गरेको । | | | |
| ३. सार्वजनिक स्थानमा शौचालयको व्यवस्था | १.बसपार्क,पेट्रोलपम्प पर्यटकीय क्षेत्र तथा साँस्कृतिक सम्पदा पार्क तथा उद्यान र मुख्य हाट बजार स्थलमा बाल वालिका लैङ्गिक तथा अपाङ्गमैत्री सार्वजनिक शौचालयको व्यवस्था भएको | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| ४. प्लास्टिक झोला प्रयोगमा प्रतिवन्ध | १.नेपाल सरकारले तोकेको गुणस्तर भन्दा कम गुणस्तरको प्लास्टिक झोला प्रयोगमा बन्देज गरिएको ।<br><br>२.प्लाष्ट्रिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको र उत्पादित झोलाको बजारीकरण भएको । | | | |
| **ख)जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन** | | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| १. विपद् व्यवस्थापन समितिको सक्रियता कोष व्यवस्थापन | १.नगर स्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठन गरिएको ।<br>२. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन सम्बन्धी कानून पारित गरिएको ।<br>३. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा भई नगर सभाबाट स्वीकृत गरिएको<br>४. योजना कार्यान्वयनको लागि नगरपालिकाले जिल्ला विपद् | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | व्यवस्थापन समिति,जिल्ला समन्वय समिति,विषयगत कार्यालय,नेपाल रेडक्रस सोसाईटी,निजी क्षेत्र ,राष्ट्रिय तथा अन्तराष्ट्रिय तथा गैर सरकारी संस्था तथा दात्रृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्थापन तथा परिचालन गरेको ।<br>५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनमा उचीत ज्ञानसीप र | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | क्षमता सहितको शाखा /इकाई तथा कर्मचारीको व्यवस्था भएको । | | | |
| २. भवन संहिताको पालना | १. नगरक्षेत्रमा भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुकुल स्थानीय भवन संहिता र मापदण्ड तयार भएको ।<br>२. भवन निर्माण गर्दा भवन निर्माण संहिता र मापदण्ड अनिवार्य गर्ने गरिएको । | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | ३. नक्सा पास सम्बन्धी स्थानीय मापदण्डलाई भवन निर्माण संहितासँग आबद्ध गरिएको । | | | |
| ३. हरियाली प्रबर्द्धन तथा पार्कको सञ्चालन | १.नगरको सडक क्षेत्र सरकारी तथा सार्वजानिक जग्गाको पहिचान गरि बृक्षारोपण गरिएको ।<br><br>२. नगरभित्र भएका वनको क्षेत्रगत लगत राखी विभिन्न समूदाय स्तरीय वा नगरस्तरीय समितिमार्फत त्यसको | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | उचीत संरक्षण गरेको र आवश्यकता अनुसार सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गरेको<br><br>३. नगरवासीलाई पायक पर्ने स्थानमा जेष्ठ नागरिक विश्राम स्थल मनोरञ्जन पार्क वा उद्यान निर्माण गरी सञ्चालनमा ल्याएको । | | | |

## (ख) परिस्कृत सूचक

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| क. **फोहोर मैला व्यवस्थापन तथा नगर सरसफाई** | | | | |
| १. फोहोरमैला सङ्कलन तथा त्यसको उचित व्यवस्थापन | १.आफ्नै वा अन्य गाँउपालिका वा नगरपालिका सँगको सहकार्यमा पुन:प्रयोग गर्न नमिल्ने फोहोरलाई आवश्यकता अनुसार फोहोर विषर्जन क्षेत्रमा व्यवस्थापन गर्ने गरिएको र स्वास्थ्य संस्थाबाट निष्काशन हुने हानिकारक फोहोरको व्यवस्थापन | | | |

| | | | | |
|---|---|---|---|---|
| | हानिकारक फोहोर विसर्जन क्षेत्रमा व्यवस्थापन गर्ने गरेको<br><br>२. नगर क्षेत्र भित्र फोहोरमैला सङ्कलन गर्न प्रणालीलाई प्रभावकारी बनाउदै सिमसार क्षेत्र, धार्मिक स्थल, सडक तथा नदी किनारामा फोहोर फाल्न र जलाउन प्रतिवन्ध लगाएको | | | |
| २. ढल प्रशोधन सम्बन्धी व्यवस्था | ढललाई जैविक वा इन्जिनियरिङ प्रविधिबाट प्रशोधन गरिए पछि मात्र अन्तिम निष्काशन गर्ने गरिएको सबै घरहरुमा सेप्टिक ट्याङ्की अनिवार्य | | | |

| | | | | |
|---|---|---|---|---|
| | गरिएको अवस्थामा यो सूचक निस्क्रिय हुनेछ। | | | |
| ख. कृषि | | | | |
| १. वाली विविधिकरण तथा जलवायु मैत्री एकिकृत कृषि प्रणालीको विकास | १. कृषि उत्पादन वृद्धिको लागि जलवायुमैत्री एकिकृत कृषि प्रणालीको विकास गर्दै वाली पोषक तत्व एकिकृत किट(शत्रु जीव) व्यवस्थापन कार्य भएको<br>२. सुख्खा तथा बढी पानी जम्ने क्षेत्रहरुको निम्ती उपयुक्त हुने वालीहरुको पहिचान तथा प्रवर्द्धनका लागि सम्बन्धित निकाय सँग सहकार्य गर्ने गरेको | | | |

| | | | | |
|---|---|---|---|---|
| | ३. कृषि पेशालाई प्रोत्साहन नगर क्षेत्र भित्र विभिन्न कार्यक्रमहरुको संचालन गरेको | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| ग. **नवीकरणीय उर्जा** | | | | |
| १.नवीकरणीय उर्जा उत्पादन उपयोग तथा उर्जा किफायती प्रविधिको विकास | १.नगरभित्र उत्सर्जित फोहोरबाट बायोग्यास उत्पादन गर्न नगरपालिका आफैले शुरु गरेको वा नगरपालिकाबाट आर्थीक तथा प्राविधिक सहयोग भएको | | | |

| | | | | |
|---|---|---|---|---|
| | २. नगरभित्रका सबै मूल सडकहरु तथाअन्य सार्वजानिक स्थानहरुमा सडक बत्तीको व्यवस्था गरेको र सम्भव भएसम्म सोलार बत्तीको प्रयोग भएको । | | | |
| २. वैकल्पीक उर्जाको रुपमा सौर्य उर्जाको प्रयोग | नगरपालिका भित्रका सम्पूर्ण सार्वजानिक सेवाका कार्यालय विद्यालय तथा सडक क्षेत्रमा वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा प्रयोग भएको र नेपाल सरकारबाट सौर्य उर्जा प्रयोगको प्रोत्साहनको लागि तोके बमोजिमको | | | |

| | | | | |
|---|---|---|---|---|
| | सहुलियत नगर सभाबाट पारित भई कार्यान्वयनमा आएको । | | | |
| **घ ) जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन** | | | | |
| १.विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | १. जलवायु परिवर्तन तथा विपद् जोखिमको दृष्टिले बढी संवेदशील स्थानहरु र प्राकृतिक तथा सास्कृतिक सम्पदाको पहिचान गरी वडागत नक्साङ्कन गरिएको । | | | |

| | | | | |
|---|---|---|---|---|
| | २. जोखिम पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माणमा रोक लगाइएको<br>३. बहुक्षेत्र जोखिमको पूर्वतायारी गरिएको ।<br>४. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना अनुरुप वार्षिक कार्यक्रम स्वीकृत गरी कार्यान्वयन मा ल्याइएको । | | | |
| २.जलवायु परिवर्तन वातावरण तथा विपद् व्यवस्थापन हेर्ने संस्थागत संरचनाको व्यवस्था | जलवायु परिवर्तन वातावरण तथा विपद् व्यवस्थापनका लागि नगरपालिकामा शाखा/ईकाइको स्थापना भई कार्यान्वयन मा आएको । | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. खोज तथा अनुसन्धान | नेपाल सरकार ,प्रदेश सरकार तथा सम्बन्धित निकायको सहयोग तथा सहकार्यमा जलवायु परिवर्तनको विषयगत क्षेत्रहरुमा आधारित खोज अनुसन्धान तथा तथ्याङ्कको अद्यावधिक गरेको । | | | |
| **ङ) प्लाष्टिक झोला व्यवस्थापन** | | | | |
| १. प्लाष्टिक झोला संकलन तथा व्यवस्थापन | २. प्लाष्टिक झोला सङ्कलन पुन: प्रयोग तथा व्यवस्थापन गर्ने कार्यका लागि वडाका सबै टोलहरु समेट्ने गरी तालिम दिइएको र सोहि अनुसार काम भएको । | | | |

| | | | | |
|---|---|---|---|---|
| | ३. नेपाल सरकारले तोकेको मापदण्ड बाहेकका प्लाष्टिक झोलालाई नगरक्षेत्रभित्र प्रयोगमा निषेध गरिएको र त्यसको विकल्पमा कपडाको झोलाको प्रयोग भएको । | | | |
| **च) वातावरणीय शिक्षा** | | | | |
| १. समुदाय तथा बिद्यालयमा वातावरणीय शिक्षा | १. विद्यालयको स्थानीय पाठ्यपुस्तक र पाठ्यक्रममा  वातावरण सम्बन्धी अध्यापन गर्ने गरेको ।<br><br>२. नगरपालिका आफै वा सरोकार वालाहरुको सहकार्यमा वातावरण | | | |

| | | | | |
|---|---|---|---|---|
| | सम्बन्धी जनचेताना मूलक कार्यक्रमहरु गरेको । | | | |
| **छ) वन भू-संरक्षण जैविक विविधता र हरियाली** | | | | |
| १. वन संरक्षण तथा हरियाली प्रर्वद्धन | १. नगरक्षेत्रभित्र रहेका वनको उचित संरक्षण तथा त्यसको दिगो व्यवस्थापनको लागि आवश्यक नीति निर्माण भएको ।<br>२. सडक किनारा वा पैदल मार्गमा टोलबस्तीलाई परिचालन गरि उर्पयुक्त प्रजातिका बोटविरुवा तथा बहुवर्षिय फुलहरु लगाएको । | | | सम्बन्धित कार्यका लागिबजेट एंव कार्यक्रम स्वीकृत गरेको,बृक्षारोपण गरिएको क्षेत्रको अवलोकन |

| | | | | |
|---|---|---|---|---|
| | ३. सार्वजानिक पर्ति जग्गा, नदीनाला किनारहरु ,खोला उकासको क्षेत्रफलहरुमा वार्षिक रुपमा बृक्षारोपण गरि संरक्षण गरेको ।<br>४. भू-क्षय पहिरो तथा बाढीको जोखिम युक्त स्थानहरुको पहिचानका आधारमा संरक्षणका कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरेको । | | | |
| २. जैविक विविधताको संरक्षण | १. शहरी वनलाई जैविक विविधतामैत्री संरक्षण र सम्बद्धनको लागि नीति तथा कार्ययोजना वनाई कार्यान्वयन गरेको । | | | |

| | | | | |
|---|---|---|---|---|
| | २. नगरक्षेत्रमा कम्तिमा एउटा जैविक विविधता युक्त पार्क सञ्चालनमा रहेको । | | | |
| **ज) भू- उपयोग तथा शहरी बसोवास** | | | | |
| १.जोखिम संवेदनशील भू उपयोग योजना | १.नेपाल सरकारको नीति अनुरुप नगरको जोखिम संवेदनशिल भूउपयोग योजना तयार गरिएको ।<br>२. प्राकृतिक स्रोतको दिगो र एकीकृत व्यवस्थापनका लागि भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरणमैत्री संरचना निर्माणलाई प्राथमिकता दिने गरेको । | | | |

| | | | | |
|---|---|---|---|---|
| | ४.नगरपालिका भित्र सञ्चालन हुने आयोजनाहरुको आवश्यकता अनुसार वातावरणिय अध्ययन गर्ने गरेको । | | | |
| २.सडकमापदण्ड निर्धारण र कार्यान्वयन | १.नगरभित्रका सबै सडकको मापदण्ड मापदण्ड निर्धारण गरिएको ।<br>२.सडक मापदण्ड विपरित निर्माण भएका संरचना नियमित रुपमा भत्काउने गरिएको । | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. शहरी बसोवास | १.शहरी योजना बस्ती विकास र पूर्वाधार निर्माणका लागि मापदण्ड निर्धारणगरिएको ।<br>२.सहरी योजना बस्ती विकास र पूर्वाधार निर्माणका लागि आधारभूत मापदण्ड कार्यान्वयन गरेको । | | | |

| | | | | |
|---|---|---|---|---|
| **झ) प्रदूषण रोकथाम,नियन्त्रण र न्यूनीकरण** | | | | |
| १. प्रदूषणको नियमन | १. नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको उद्योगहरुको लगत राखी ध्वनी,जल,वायू प्रदूषणको स्तर मापन गरी अभिलेख तयार भएको ।<br>२. नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेको प्रदूषणको गुनासो सम्बन्धी अभिलेख तयार गरी गुनासो फछ्र्यौट गर्ने गरेको । | | | |
| **ञ) ध्वनी तथा वायु प्रदूषण नियन्त्रण** | | | | |
| १. ध्वनी प्रदूषण नियन्त्रण | १.ध्वनीको राष्ट्रिय मापदण्ड बमोजिम नगर क्षेत्रलाई औधोगीक क्षेत्र आवासिय क्षेत्र तथा शान्त क्षेत्रको रुपमा विभाजन गरिएको । | | | |

| | | | | |
|---|---|---|---|---|
| | २.नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुकूल ध्वनीको स्तर सम्बन्धमा बार्षिक रुपमा मापन गर्ने गरिएको र मापदण्ड भन्दा बढी ध्वनी प्रदूषण गर्नेलाई दण्डित गर्ने ब्यवस्था गरिएको । | | | |
| २. वायु प्रदूषण न्यूनीकरण | १. नगरक्षेत्रमा वायू प्रदुषण न्यूनीकरण तथा नियन्त्रणको लागि उपायहरु अवलम्वन गरिएको<br>२. नगरक्षेत्रमा साना सार्वजानिक सवारी साधनको भन्दा ठूला नगर बसहरुको सञ्चालन भएको र बिजुलीबाट चल्ने सवारी साधनलाई उच्च प्राथमिकतामा राखेको । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | वातावरणजन्य क्षतिपूर्ति | १. वातावरण प्रदुषकले क्षतिपूर्ति ब्यहोर्ने सिद्दान्तको आधारमा पीडितलाई उपर्युक्त क्षतिपूर्ति भराई दिने व्यवस्था मिलाएको ।<br>२. सङ्घीय सरकारले जारी गरेको कानून तथा मापदण्ड अनुरुप स्थानीय क्षेत्रधिकार भित्र रहेका ढुङ्गा,गिट्टि वालुवा तथा माटोको उत्खनन,सङ्कलन,उपयोग,बिक्रि तथा वितरण सम्बन्धी ब्यवस्था गरेको । | | | |

# अनुसूची -५

वातावरणमैत्री सार्वजनिक कार्यालय भन्नाले यस प्रारुप बमोजिमका सूचकहरु पूरा गरी सम्बन्धित तहबाट वातावरणमैत्री घोषणा भएको सार्वजनिक कार्यालयलाई जनाउनेछ।

**५ १. वातावरणमैत्री सार्वजनिक कार्यालयका सूचकहरु**

वातावरणमैत्री सार्वजनिक कार्यालय घोषणा हुन देहायका सूचकहरु पूरा गरेको हुनु पर्दछ ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १. सरसफाई | १. लैङ्गिकमैत्री शौचालयको व्यवस्था भएको<br>२. शौचालयमा हातधुने सावुन र पानीको व्यवस्था भएको<br>३. शौचालयभित्रका सामानहरु दुरुस्त रहेको र दैनिकरुपमा सरसफाई हुने गरेको ।<br>४ कार्यालयका हरेक कोठा बरण्डा र परिसर दैनिक रुपमा सफाई हुने गरेको ।<br>५ कार्यालयको भित्ता सिलिङ तथा पर्खालमा माकुराको जालो धुलो लेउ अनावश्यक विरुवा झारपात फोहोरको धब्बा नरहेको । | | | |

| | | | | |
|---|---|---|---|---|
| | ६ कार्यालय परिसरमा खुला रुपमा थोत्रा तथा अनावश्यक सामानहरु राख्ने नगरेको ।<br>७ कार्यालयका भवन भित्ता पर्खालमा जथाभावी पोस्टर अनावश्यक भित्ते लेखन आदि नरहेको ।<br>८ कार्यालयको भित्ताहरुमा सुर्ती पान गुट्खा थुक्ने नगरेको । | | | |

| | | | | |
|---|---|---|---|---|
| २ कार्यालय भवनको मर्मत सम्भार | १ कार्यालय भवनको नियमित रुपमा मर्मत सम्भार गर्ने गरेको<br><br>२. कार्यालय भवन तथा पर्खालको नियमित रङरोगन गर्ने गरेको ।<br><br>३.खाना पकाउन दाउरा प्रयोग गरेको अवस्थामा धुवाँरहित सुधारिएको चुल्हो प्रयोग गर्न प्रोत्साहन गरेको। | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. कार्यालयको सौन्दर्य तथा हरियाली | १. कार्यालय कम्पाउण्डभित्र रहेको खाली स्थानमा फूल फलफूलका विरुवा दुबो सहितको सुन्दरस बगैचा रहेको।<br>२. बगैचाको नियमित हेरचाह र रेखदेख गरेक<br>३. कार्यालयको स्वामित्व भएको जग्गा वा सार्वजनिक जग्गामा वर्षमा कम्तिमा एकपटक वृक्षारोपण गर्ने गरेको<br>४. कार्यालय परिसरमा कम्तीमा दशवटा बहुवर्षे बोट विरुवा हुर्काएको<br>५. वर्षेपानी जमिनमा रिचार्ज गर्ने व्यवस्था भएको। | | | |

| | | | | |
|---|---|---|---|---|
| ४. फोहोरमैला व्यवस्थापन | १. कार्यालयको फोहोर सड्ने र नसड्ने गरी वर्गीकरण गर्ने गरेको<br><br>२. सड्ने फोहोरलाई कार्यालय परिसरभित्रै मल बनाउने गरेको वा अन्य तरिकाले व्यवस्थापन गर्ने गरेको<br><br>३. प्लाष्टिकजन्य फोहोरलाई छुट्टै जम्मा गरी विक्री वा निर्धारित स्थलमा जम्मा गर्ने गरेको<br><br>४. व्याट्री, सि.एफ.एल चिम, फुटेका सिसा, बोतल, ट्युवलाइट जस्ता हानीकारक | | | |

| | | | | |
|---|---|---|---|---|
| | फोहोरमैला छुट्याई निर्धारित स्थलमा जम्मा गर्ने गरेको<br><br>५. कार्यालयसँग जोडिएको सडक पेटी नियमित रुपमा सरसफाई गर्ने गरेको<br><br>६. कार्यालयमा रहेका सोफा, कार्पेट, पर्दा जस्ता सामानहरु नियमित रुपमा सफा गर्ने गरेको<br><br>७. कार्यालय परिसरभित्र र बाहिर फोहोर, धुलो, कागजका टुक्रा तथा अन्य फोहोर जन्य वस्तुहरु नरहेको | | | |

| | | | | |
|---|---|---|---|---|
| | ८. कार्यालयमा चालिस माइक्रोनभन्दा कम गुणस्तरका प्लाष्टिकको झोला प्रयोगमा रोक लगाएको । | | | |

| | | | | |
|---|---|---|---|---|
| ५. उर्जाको प्रयोग | १. कार्यालयमा उर्जा खपत कम गर्ने चिमको प्रयोग भएको ।<br>२. प्रयोग नभएको समयमा सबै प्रकारका विद्युतीय उपकरण बन्द गर्ने गरेको । | | | |
| ६. सवारी साधनको प्रयोग | १. सवारी साधनको नियमित रुपमा प्रदुषण नियन्त्रण जाँच गराई Green Sticker टाँस्ने गरेको ।<br>२. पुराना सवारी साधनको नियमित रुपमा लिलाम विक्री गर्ने गरेको । | | | |
| ७. सेवाग्राहीको लागि प्रतिक्षालयको व्यवस्था | १. कार्यालय परिसरमा सेवाग्राहीका लागि घामपानीबाट जोगिन प्रतिक्षालयको व्यवस्था रहेको | | | |

| | | | | |
|---|---|---|---|---|
| | २. प्रतिक्षालयमा नियमित रुपमा सरसफाई हुने गरेको | | | |
| ८. सेवाग्राहीका लागि शौचालय | १. कार्यालयमा Toilet र Urinal सहितको महिला तथा पुरुषका लागि सार्वजनिक शौचालय रहेको<br>२. शौचालयमा साबुन र पानीको व्यवस्था रहेको<br>३. शौचालयको नियमित रुपमा सरसफाइ हुने गरेको | | | |
| ९. कार्यालय भवनको सुरक्षा तथा भुकम्प प्रविधिको प्रयोग | १. कार्यालयको आफ्ना सबै भवनहरुको नक्सा सम्बन्धित निकायबाट पारित गरेको । | | | |

| | | | | |
|---|---|---|---|---|
| | २. कार्यालयभित्र तथा बाहिर जाँदा यात्रुका झोला चेकजाँच गरेर मात्र भित्र बाहिर जान दिने गरेको ।<br>३. कार्यालयमा सुरक्षाको लागि कम्पाउण्ड वाल लगाइएको ।<br>४. कार्यालयका सबै भवनहरुमा भवन संहिताको पालना गरिएको ।<br>५. कार्यालयका पुराना भवनहरुलाई आवश्यकता अनुसार प्रवलीकरण गरिएको । | | | |
| १०. चमेना गृहको व्यवस्था | १. चमेनागृह सफा सुगघर रहेको | | | |

| | | | | |
|---|---|---|---|---|
| | २. चमेनागृहले सामानहरुको मूल्यसूची टाँस्ने गरेको<br>३. चमेनागृहमा स्वच्छ पिउने पानीको व्यवस्था भएको ।<br>४. चमेनागृह अगाडि फूलबिरुवा रहेको<br>५. कार्यालयले खाजा खाने निश्चित समय निर्धारण गरेको ।<br>६. कर्मचारीहरु कार्यकक्षमा बसेर खाजा खाने नगरेको । | | | |

# सूर्योदय नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८०

**प्रस्तावना :** नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्वन्धी कार्य संचालनको लागि नगरपालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले सूर्योदय नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ बमोजिम सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम सूर्योदय नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

(क) “अध्यक्ष” भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) “आयोजना” भन्नाले सूर्योदय नगरपालिका वा सो अन्तर्गतको वडावाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित

योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनुपर्छ र यसले नगर सभाबाट स्वीकृत भएको गैर सरकारी संघ सस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई जनाउनेछ।

(ग) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउछ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ।

(ङ) "कार्यालय" भन्नाले नगरकार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ।

(च) "कार्यपालिका" भन्नाले नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(छ) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुर्‍याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर जस्ता) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्दछ।

(ज) "पदाधिकारी" भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) "वडा" भन्नाले सूर्योदय नगरपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) "सदस्य" भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ ।

(ठ) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समितिबीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

**३. कार्यविधिको पालना गर्नुपर्नेः** (१) नगरपालिका भित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन,  मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

(२) कुल लागत रु.पच्चीस लाखसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न

सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिनेछ।

## परिच्छेद–२

## उपभोक्ता समितिको गठन, दर्ता र सञ्चालन

**४. उपभोक्ता समिति गठन र दर्ता सम्बन्धी व्यवस्थाः** (१) उपभोक्ता समिति गठन देहाय बमोजिम गर्नु पर्नेछ।

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ।

(ग) नगरपालिका स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ।

(घ) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(ङ) उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

(च) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

(छ) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

(ज) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ ।

(झ) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ ।

(ञ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

(ट) रु १० लाखसम्म लागत अनुमान भएका आयोजना कार्यान्वयनको लागि आयोजना कार्यान्वयन हुने सम्बन्धित वडा कार्यालयमा

उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ । रु १० लाखभन्दा बढी लागत अनुमान भएका आयोजना कार्यान्वयनको लागि नगर कार्यपालिकाको कार्यालयमा उपभोक्ता समिति दर्ता गर्नुपर्नेछ ।

(ठ) उपभोक्ता समिति दर्ताको लागि अनुसूची १ बमोजिमको ढाँचामा उपभोक्ता समितिको विधान तयार गरी अनुसूची २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(ड) उपभोक्ता समिति दर्ता भए पश्चात् अनुसूची ३ बमोजिम दर्ता प्रमाणपत्र उपलब्ध गराउनुपर्दछ ।

(ढ) उपभोक्ता समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र साधारण सभा गरी समिति नवीकरण गराउनुपर्नेछ ।

(ण) कार्यालयले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची ४ बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ ।

**५. उपभोक्ता समितिका सदस्यको योग्यताः** (१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा

(ख) १८ वर्ष उमेर पुरा भएको

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(घ) नगरपालिकालाइ बुझाउनु पर्ने कर तथा दायित्व बाँकी नरहेको

(ङ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको

(च) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको ।

(२) दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन ।

**६. उपभोक्ता समितिको काम, कर्तब्य र अधिकारः** उपभोक्ता समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने,

(घ) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

(ङ) उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकास गर्ने ।

(च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

(छ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

(ज) नगर कार्यपालिकाको कार्यालयबाट हस्तान्तरण भएपछि आयोजनाको स्वामित्व लिने र नियमित मर्मत सम्भार गराउने

## परिच्छेद – ३

## कार्यान्वयन तथा ब्यवस्थापन

**७. आयोजना कार्यान्वयनः** (१) कार्यालयले आर्थिक वर्ष शुरु भएको ३० दिन भित्र उपभोक्ता समितिबाट संचालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ । उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रईङ, डिजाईन र लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) आयोजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यलयबीच अनुसूची ५ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(३) उपभोक्ताको लागत सहभागिता वापत नगद वा श्रमदान वा स्थानीय सामग्री वापत कूल लागत अनुमानको न्यूनतम बीस प्रतिशत लागत सहभागिता गर्नु पर्नेछ ।

(४) आयोजनाको प्रकृति हेरी नगर कार्यपालिकाले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा स्थानीय सामग्री) तोक्न सक्नेछ ।

**८. आयोजना सम्झौताको लागि आवश्यक कागजातहरुः** (१) उपभोक्ता समितिले कार्यालयसँग सम्झौता गर्दा तपशिलमा उल्लिखित कागजातहरु पेश गर्नुपर्नेछ :

(क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि

(ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि र तिरो तिरेको रसिद

(ग) आयोजनाको लागत अनुमान विवरण

(घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय

(ङ) आयोजनाको कार्यान्वयनको कार्य तालिका ।

(च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु

**९. उपभोक्ता समितिको क्षमता विकासः** (१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीहरुलाई निम्न विषयमा अभिमुखीकरण गर्नु पर्नेछ

(क) उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार,

(ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान

(ग) निर्माण सामाग्रीको गुणस्तर र परिमाण

(घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाकंन र अभिलेख व्यवस्थापन

(ङ) कार्यान्वयन र अनुगमन प्रकृया

(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण

(छ) अन्य आवश्यक विषयहरु ।

**१०. खाता सञ्चालनः** (१) उपभोक्ता समितिको खाता कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरुमध्ये कम्तिमा एकजना महिला हुनु पर्नेछ ।

**११. भुक्तानी प्रकृयाः** (१) आयोजनाको भुक्तानी दिंदा उपभोक्ता समितिको नाममा रहेको बैक खातामार्फत दिनु

पर्नेछ । उपभोक्ता समितिले एक व्यक्ति वा संस्थालाई एकलाख भन्दा माथिको रकम भुक्तानी गर्दा चेक मार्फत मात्र गर्नु पर्नेछ ।

(२) उपभोक्ता समितिलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानी दिईनेछ ।

(३) उपभोक्ता समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ । सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची ६ बमोजिम हुनेछ ।

(६) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची ७ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

(७) आयोजनाको कुल लागत रु.३ लाख भन्दा बढी भएका आयोजनाहरुको हकमा उपभोक्ता समितिले काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न गर्नुपर्ने अवधि समेत देखिने गरी तयार गरिएको

अनुसूची ८ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्नेछ ।

(८) उपभोक्ता समितिलाई सम्बन्धित कार्यालयले ड्रइङ्ग, डिजाइन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनेछ । आयोजना कार्यान्वयनको समयमा कुनै कारणबाट कार्यालयले प्राविधिक सेवा उपलब्ध गराउन नसकेमा कार्यालयको पूर्व स्वीकृति लिइ सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सेवा लिन सक्नेछ । तर, ड्रइङ्ग, डिजाइन, लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन र भुक्तानी सिफारिसको कार्य कार्यालयबाट नै हुनेछ ।

(९) उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरूको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ ।

(१०) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई नगर कार्यपालिकाको निर्णय बमोजिम वार्षिक रूपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ ।

(११) तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा कार्यालयले अन्य प्रकृयाद्वारा काम गराउन सक्नेछ ।

**१२. निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्नेः** उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्वन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(क) निर्माण सामाग्रीको गुणस्तरः निर्माण सामाग्री ड्रइङ, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ

(ग) निर्माण कार्यको दिगोपनाः उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्वन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारीः उपभोक्ता समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यको लागि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ ।

(ङ) लगत राख्नु पर्नेः उपभोक्ता समितिबाट हुने कामको सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्वन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ । त्यस्ता

उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्नेछ ।

**१३. आयोजना अनुगमन सम्वन्धी व्यवस्थाः** (१) उपभोक्ता समितिबाट सञ्चालित आयोजना सूर्योदय नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०७९ को दफा ३, ८ र ९ बमोजिमको अनुगमन समितिद्धारा अनुगमन सुपरीवेक्षण हुनेछ ।

(२) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न दफा ४ (१) (क) बमोजिमको भेलाबाट कम्तिमा एक जना महिला सहित ३ सदस्यीय एक आयोजना स्तरीय अनुगमन समिति समेत गठन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित आयोजना स्तरीय अनुगमन समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) आवश्यक अन्य कार्य गर्ने ।

**१४. आयोजना जाँचपास फरफारक सम्वन्धी व्यवस्थाः** (१) उपभोक्ता समितिमार्फत कार्यान्वयन भएका रु २० लाखभन्दा बढी लागत अनुमान भएका आयोजना सम्पन्न भए पश्चात् सम्वन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षण प्रतिवेदनका आधारमा आयोजना जाँचपास तथा फरफारक समितिले जाँचपास गर्नुपर्नेछ ।

(२) आयोजनाको जाँचपास र फारफारक समिति तपशिल बमोजिम हुनेछ ।

(क) नगर स्तरीय आयोजना जाँचपास तथा फरफारक समितिः

१. नगर प्रमुख वा निजले तोकेको पदाधिकारी - संयोजक

२. सम्वन्धित विषयगत समितिको संयोजक - सदस्य

३. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

४. सामाजिक विकास शाखा प्रमुख - सदस्य

५. योजना शाखा प्रमुख - सदस्य सचिव

(ख) वडा स्तरीय आयोजना जाँचपास तथा फरफारक समितिः

१. वडाअध्यक्ष वा निजले तोकेको सदस्य - संयोजक

२. वडाको महिला सदस्य वा दलित महिला सदस्य- सदस्य

३. वडा सचिव वा निजले तोकेको कर्मचारी - सदस्य सचिव

(३) नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयको जाँचपास तथा फरफारक समितिले विषयगत कार्यालय, अन्य निकाय वा संघ-संस्थाबाट सञ्चालित आयोजनाको सम्वन्धित निकायबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्नेछ ।

(४) नगर कार्यपालिका, वडा समितले आयोजना जाँचपास भएपछि फरफारक गरिदिनु पर्नेछ । फरफारक भएका आयोजनाहरुको नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**१५. मर्मत सम्भार तथा आयोजना हस्तान्तरण सम्वन्धी व्यवस्थाः** (१) निर्माण कार्य सम्पन्न भएपछि कार्यालयले सो आयोजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी अनुसूची ९ बमोजिमको ढाँचामा आयोजनाको स्वामित्व उपभोक्ता समिति, सामुदायिक संस्था वा आयोजना सञ्चालनको अख्तियारी पाएको निकायलाई हस्तान्तरण गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम हस्तान्तरित आयोजनाबाट सेवा उपयोग गरे वापत उपभोक्ता समितिले नगरको प्रचलित कानून बमोजिमको प्रकृया पुरा गरी सेवा शुल्क तोक्न सक्नेछ।

(३) उपभोक्ता समितिले उपदफा (२) बमोजिम तोकेको सेवा शुल्क जम्मा गर्न कोष खडा गरी सोही कोषबाट आयोजनाको सञ्चालन र मर्मत सम्भार गर्नुपर्नेछ ।

(४) आयोजनाको लागत अनुमानमा उल्लेख गरेको मर्मत सम्भार कोषमा उपलब्ध गराउन छुट्याइएको रकम आयोजना हस्तान्तरण भएपछि मात्र समितिको कोषमा जम्मा गरिनेछ ।

(५) मर्मत सम्भार कोषको खाता उपभोक्ता समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

(६) उपभोक्ता समितिको साधारण सभाबाट मर्मत सम्भार कोषबाट भएको खर्चको विवरण पेश गरी अनुमोदन गर्नुपर्नेछ ।

## परिच्छेद– ४

## विविध

**१६ अन्य संस्थाबाट कार्य गराउन सकिनेः** यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्य लाभग्राही समूह, सामुदायिक संस्था जस्तै सामुदायिक वन, सामुदायिकस्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, कृषि समूह, कानून बमोजिम गठन भएका अन्य सामुदायिक संगठन जस्ता संस्थाहरुबाट स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा यस्ता संस्थाहरुबाट यस कार्यविधि बमोजिम कार्य संचालन गर्न/गराउन सकिने छ ।

**१७. सहजीकरण र सहयोग गर्नु पर्नेः** उपभोक्ता समितिले आयोजनाको सुपरीवेक्षण, अनुगमन/निरीक्षण गर्न कार्यालयबाट आएको अनुगमन समिति, पदाधिकारी वा कर्मचारीलाई आवश्यक विवरण उपलव्ध गराउने तथा आयोजनास्थल अनुगमनको लागि सहजीकरण र सहयोग गर्नु पर्नेछ।

**१८. उपभोक्ता समितिको दायित्वः** (१) उपभोक्ता समितिले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व वहन गर्नु पर्नेछ।

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,

(ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य,

(ग) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्नुपर्ने,

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने।

(ङ) उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूची १० बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्नु पर्नेछ।

**१९. उपभोक्ता समितिको निरन्तरताः** (१) सार्वजनिक निर्माण कार्यको लागि गठन भएको उपभोक्ता समिति प्रचलित कानून बमोजिम दर्ता भएको वा सूचीकरण भएको अवस्थामा निरन्तर रही रहनेछ । यस्ता समिति वार्षिक रुपमा नवीकरण गरेको आधारमा आयोजना कार्यान्वयनमा संलग्न हुनेछ ।

**२० उपभोक्ता समितिको नवीकरण सम्बन्धी ब्यवस्था** (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र उपभोक्ता समिति नवीकरणका लागि देहायका कागजात सहित उपभोक्ता समिति दर्ता कायम रहेको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(१) उपभोक्ताको आमभेलाको उपस्थिति र निर्णय

(२) उपभोक्ता समितिको वार्षिक आय ब्ययको स्वीकृत विवरण

**२०. मापदण्ड बनाउन सक्नेः** (१) आयोजनाको गुणस्तर सुनिश्चितताको लागि कार्यालयले अनुगमन, मुल्याङ्कन गरी सम्बन्धित उपभोक्ता समितिलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ ।

(२) उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि नगर कार्यपालिकाले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागु गर्न सक्नेछ ।

**२१. बचाउः** (१) यस कार्यविधिमा भएको कुनै पनि व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

## अनुसूची १

## (कार्यविधिको दफा ४ (१) ठ संग सम्बन्धित)

## उपभोक्ता समितिको विधानको नमुना

## ..............................................................उपभोक्ता समितिको विधान, २०....

**प्रस्तावना:** इलाम जिल्ला सूर्योदय नगरपालिका वडा नं............मा संघीय सरकार/प्रदेश सरकार/ सूर्योदय नगरपालिका/अन्य संघ संस्थाबाट आ.व. २०.../.....मा ......................................योजना निर्माण/मर्मत/संचालन गर्नको लागि बजेट विनियोजन गरिएकोमा उक्त बजेट कार्यान्वयन गर्नको लागि सूर्योदय नगरपालिकाबाट जारी गरिएको सूर्योदय नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० भएको व्यवस्था बमोजिम उक्त योजना प्रभावकारी र पारदर्शी ढंगबाट संचालन गर्न आवश्यक देखिएको र यस उपभोक्ता समिति सूर्योदय नगरपालिकामा दर्ता गर्न वाञ्छनीय भएकोले,

यो उपभोक्ता समितिको विधान तर्जुमा गरी स्वीकृतिको लागि सूर्योदय नगरपालिका समक्ष पेश गरिएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस बिधानको नाम " ........................................................उपभोक्ता समितिको विधान, २०......" रहने छ ।

(ख) संस्थाको कार्यालय रहने ठेगाना: यस उपभोक्ता समितिको कार्यालय इलाम जिल्ला, सूर्योदय नगरपालिका वडा नं. ..............मा रहनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिधानमा,

(क) "बिधान" भन्नाले "........................................................ उपभोक्ता समिति", को विधान, २०...... लाई सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता समिति" भन्नाले "........................................उपभोक्ता समिति" लाई सम्झनु पर्दछ ।

(ग) "कार्य समिति " भन्नाले "....................................उपभोक्ता समिति" अन्तरगतको कार्य समिति भन्ने सम्झनु पर्दछ ।

(घ) "कार्य समितिको सदस्य" भन्नाले यस बिधान बमोजिम गठित कार्य समितिको पदाधिकारीहरुलाई जनाउँदछ ।

(ङ) "आर्थिक वर्ष" भन्नाले हरेक बर्षको श्रावण १ गते देखि असार मसान्तसम्मको अवधिलाई जनाउनेछ ।

(च) "स्थानिय अधिकारी" भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

(छ) "स्थानिय तह" भन्नाले सूर्योदय नगरपालिकालाई जनाउँदछ ।

(ज) "शाखा" भन्नाले सूर्योदय नगरपालिकाका अन्तर्गतका शाखा भन्ने सम्झनु पर्दछ ।

(झ) "वडा कार्यालय" भन्नाले सूर्योदय नगरपालिका भित्रका वडा कार्यालयहरु भन्ने सम्झनु पर्दछ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले सूर्योदय नगरपालिका भित्रका वडाका निर्वाचित वडा अध्यक्ष भन्ने सम्झनु पर्दछ ।

(ट) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ तथा सूर्योदय नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० लाई जनाउँछ ।

## परिच्छेद –२
## उपभोक्ता समितिको स्थापना

**३. संस्थाको स्थापनाः**

(१) यस बिधानको प्रस्ताबना अनुसारको कार्य गर्ने गरी "............................................................... उपभोक्ता समिति" नामक संस्थाको स्थापना गरिएको छ ।

(२) संस्थाको सबै काम कारबाहीको निमित्त अनुसूची–ख बमोजिमको आफ्नो छुट्टै छाप र कार्यालय हुनेछ ।

(३) संस्था एक अविछिन्न उत्तराधिकारवाला, स्वशासित र सु–संगठित संस्था हुनेछ ।

(४) संस्थाले एउटा कृत्रिम ब्यक्ति सरह गर्ने सम्पूर्ण कार्य गर्न सक्नेछ ।

(५) संस्था/उपभोक्ता समितिले कानून बमोजिम गर्न मिल्ने योजनासंग सम्बन्धित सबै कार्यहरु गर्न सक्नेछ ।

## परिच्छेद–३
## उद्देश्य

**४. उपभोक्ता समितिको उद्देश्य यस प्रकार रहने छः**

(क) योजना संचालनको कार्य दिगो र गुणस्तरयुक्त तरिकाले गर्ने ।

(ख) योजना सञ्चालन गर्न स्थानीय श्रम, सिप तथा स्रोतको परिचालन गर्ने र गराउने ।

(ग) योजना कार्यान्वयन गर्न आबश्यक पर्ने स्रोत परिचालन गर्न सरकारी तथा गैरसरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहसँग सम्पर्क राख्ने, सहयोग जुटाउने र आबश्यक सम्झौता गर्ने ।

(घ) योजना सम्बन्धी आवश्यक सल्लाह प्रदान गर्ने र गर्न लगाउने ।

(ङ) उल्लेखित उद्देश्यहरु पूरा गर्न आईपर्ने अन्य जुनसुकै काम गर्ने र गराउने ।

(च) योजना निर्माण गर्नको लागि श्रोत नपुग भएमा आर्थिक संकलन गरी नियमित रुपमा योजनाको मर्मत सम्भार, निरीक्षण तथा अनुगमनको ब्यबस्था मिलाउने ।

(छ) योजनाको निर्माण तथा संचालनको कार्य गर्दा सूर्योदय नगरपालिका तथा वडा कार्यालयसंग समन्वय गरी कार्य संचालन गर्ने ।

(ज) ..........................

(झ) ............................

(ञ) ............................

**५. उपभोक्ता समितिको सदस्यता कायम रहने:**

(१) योजना कार्यान्वयन हुने प्रभावित क्षेत्र भित्रबाट वडा कार्यालयका जनप्रतिनिधिको रोहवरमा गठित अध्यक्ष लगायतका अन्य सदस्यहरु उपभोक्ता समितिका सदस्य हुनेछन् ।

(२) उपभोक्ता समितिमा देहायका व्यक्तिहरु सदस्य हुन सक्ने छैनन् ।

(क) नेपाली नागरिकता नलिएको ब्यक्ति ।

(ख) मानसिक सन्तुलन ठिक नभएको ब्यक्ति ।

(ग) कुनै अर्को उपभोक्ता समितिमा रहेर कार्य गरिरहेको व्यक्ति ।

(घ) योजना प्रभावित क्षेत्र भन्दा बाहिरको व्यक्ति ।

(ङ) सरकारी सम्पत्ति हिनामिना गरी अभियोग लागेको व्यक्ति ।

(च) कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएको व्यक्ति ।

**६. सदस्यता शुल्क:**

(१) उपभोक्ता समितिमा रहने व्यक्तिलाई सदस्यता शुल्क लाग्ने छैन ।

**७. सदस्यता कायम नरहने:** देहायको अबस्थामा उपभोक्ता समितिको सदस्यता कायम रहने छैन

(१) ऐन कानून बिपरित कार्य गरेको पाइएमा ।

(२) उपभोक्ता समितिको निर्णयलाई अटेर गरी पालना गरेमा तथा योजना निर्माणमा अवरोध सिर्जना गरेमा ।

(३) उपभोक्ता समितिको कुनैपनि सदस्यले आफ्नो स्वइच्छाले सदस्यता खारिज गरी पाउँ भनि राजीनामा दिएमा।

(४) उपभोक्ता समितिको सदस्यको मृत्यु भएमा ।

**८. उपभोक्ता समितिको गठन, बैठक तथा कार्यबिधि:**

(१) उपभोक्ता समितिमा कम्तिमा ७ जना र आवश्यकता अनुसार सो भन्दा बढी सदस्य रहन सक्नेछन् ।

(२) उपभोक्ता समिति गठन गर्दा वडा कार्यालयको निर्वाचित जन प्रतिनिधिको रोहवरमा गठन गर्नुपर्नेछ ।

(३) उपभोक्ता समिति गठन गर्दा समावेशिताको सिद्धान्त अवलम्बन गर्नुपर्नेछ र उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक जना महिलाको अनिवार्य सहभागिता सहित कम्तिमा ३३% महिला सहभागिता हुनुपर्नेछ ।

(४) उपभोक्ता समितिको वैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(५) कम्तिमा कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा वैठकको संख्या गणपुरक भएको मानिने छ ।

(६) यस बिधानमा अन्य ब्यबस्था भएकोमा बाहेक वैठकको सामान्य बहुमतको आधार निर्णय लिने सक्नेछ ।

(७) उपभोक्ता समितिले आफ्नो कार्यविधि आफैं बनाई लागु गर्न सक्नेछ ।

## परिच्छेद –५

## उपभोक्ता समिति

**९. उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार:**

(१) उपभोक्ता समितिको वैठकले गरेका निर्णयहरु कार्यान्वयन गर्ने ।

(२) संस्थाको आर्थिक तथा प्रगति प्रतिवेदन तयार गरि सम्बन्धित निकायमा पेश गर्ने ।

(३) उपभोक्ता समितिबाट संचालन गरिने चल अचल सम्पतिको रेखदेख , संरक्षण, मर्मत संभार गर्ने ।

(४) यस विधानमा व्यवस्था भए वाहेक संस्थाको उद्देश्य पुरा गर्न आइपर्ने सम्पूर्ण काम गर्ने ।

**१०. उपभोक्ता समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :** उपभोक्ता समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) अध्यक्ष:

(क) उपभोक्ता समितिको वैठक बोलाउने ।

(ख) उपभोक्ता समितिको वैठकको अध्यक्षता गर्ने ।

(ग) आवश्यकता अनुसार अन्य क्षेत्रमा समितिको तर्फवाट प्रतिनिधित्व गर्ने ।

(घ) आवश्यकता अनुसार उपभोक्ता समितिको तर्फवाट संघ/संस्था, सरकारी वा गैर सरकारी निकायसँग सम्झौता गर्ने ।

(ङ) समितिको वैठकमा मत विभाजन गर्दा मत बरावर हुन आएमा निर्णायक मत दिने ।

(च) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने तथा आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्ने ।

(छ) संस्थाको काम कारवाही सुपरिवेक्षण गर्ने ।

(ज) विधान अनुसार सम्पुर्ण काम गर्ने गराउने ।

(२) उपाध्यक्ष:

(क) अध्यक्षलाई सहयोग गर्ने ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्दै आएको कार्य गर्ने ।

(३) सचिव:

(क) अध्यक्षको निर्देशन अनुरुप उपभोक्ता समितिको बैठक बोलाउने ।

(ख) बैठकमा योजना र प्रतिवेदन पेश गर्ने र निर्णय अभिलेख राख्ने ।

(ग) पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

(घ) कार्यालय सञ्चालन गर्ने ।

(४) कोषाध्यक्ष:

(क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

(ख) साधारणसभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) समितिको लेखा दुरुस्त राख्ने ।

(५) सदस्यको काम, कर्तव्य र अधिकार:

(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

## परिच्छेद – ६
## आर्थिक व्यवस्था

**११. आर्थिक श्रोत:** यस विधान बमोजिम संस्थालाई प्राप्त हुने सबै चल अचल सम्पत्तिको प्राप्ती, भोग, खरिद, बिक्री गर्न सक्नेछ , तर यस प्रकारको बिक्री गर्नु अगाडी स्थानीय सरकारसँग परामर्श गर्नुपर्नेछ ।

**१२. कोष:**

(१) उपभोक्ता समितिको नाममा एक छुट्टै कोष हुनेछ, जसमा देहायको रकम जम्मा हुनेछ ।

(क) कुनै योजना संचालन बापतको रकम ।

(ख) कसैले स्वेच्छाले दिएको साहयता तथा अनुदान वापतको रकम ।

(ग) संस्थाको चल अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकमहरु ।

(घ) विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग ।

(ङ) संघीय सरकार/ प्रदेश सरकार/ स्थानीय सरकार लगायत विभिन्न संघ संस्थाबाट प्राप्त अनुदान वा सहयोग ।

(२) समितिको बैंक खाता समितिले तोकोको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ । त्यसमा संस्थाको छाप लगाउनु पर्नेछ ।

**१३. उपभोक्ता समितिको लेखापरीक्षण तथा सार्वजनिक परिक्षण:**

(क) समितिको आय/व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(ख) सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा, आर्थिक प्रशासन शाखा वा योजनासंग सम्बन्धित नियमानकारी निकायले चाहेमा जुनसुकै वखत पनि संस्थाको हिसाबकिताब जाँच गर्न सक्नेछ ।

(ग) उपभोक्ता समितिले समितिबाट संचालन भएको योजना सम्पन्न भए पश्चात् जनप्रतिनिधि एवं सरोकारवाला व्यक्तिहरुको रोहवरमा सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई समेत गर्नुपर्नेछ ।

## परिच्छेद – ७

## विविध

**१४. संस्थाको विगठन:** कुनै पनि योजनाको कार्य सम्पन्न भै सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ सम्पन्न भए पश्चात उक्त उपभोक्ता समिति आवश्यक नरहेको देखिएमा समितिले उपभोक्ता समितिलाई विघटन गर्न सक्नेछ । तर, उपभोक्ता समितिबाट संचालन गरिएको कुनै पनि योजनामा अनियमितता भएको भनी कोही कसैले उजुर बाजुर गरेमा सो योजना र उजुरी प्रति सम्बन्धित उपभोक्ता समितिको जबाफदेहिता भने समाप्त हुने छैन ।

**१५. आर्थिक वर्ष:** आर्थिक वर्ष श्रावण १ गते बाट प्रारम्भ भइ आषाढ मसान्तमा समाप्त हुनेछ ।

**१६. संशोधन :** यो विधानलाई समयानुकुल कार्यान्वयन गर्नको लागि उपभोक्ता समितिको साधारण सभाले यो विधानलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ । नगरपालिकालाई अनिवार्य रुपमा विधान संशोधन भएको जानकारी गराउनु पर्नेछ ।

हामी ............................................. उपभोक्ता समितिका सदस्यहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

| क्र.सं. | पद | नाम | हस्ताक्षर | साक्षीको नाम र थर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | सचिव | | | |
| ४ | कोषाध्यक्ष | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | सदस्य | | | |

| | | | | |
|---|---|---|---|---|
| ११ | सदस्य | | | |

**अनुसूची – क**

**............................................ उपभोक्ता समिति अन्तरगत रहेका उपभोक्ताहरुको नामावलीः**

| क्र.सं. | उपभोक्ताको नाम र थर | ठेगाना/टोल | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची–ख

## उपभोक्ता समितिको छाप

उपभोक्ता समितिको छाप देहाय बमोजिम हुनेछ:

**अनुसूची २**

**(कार्यविधिको दफा ४ (१) ठ संग सम्बन्धित)**

**सूर्योदय नगरपालिका**

**इलाम**

श्रीमान् ..................................

मितिः .................

..............................................कार्यालय इलाम ।

विषयः उपभोक्ता समिति दर्ता गरी पाउँ ।

यस नगरपालिकाको वडा नं. ........... टोल ................. मा

..................................................... कार्य गर्नका लागि मिति ............................ मा

सम्वन्धित उपभोक्ताको आमभेलाबाट उपभोक्ता समिति गठन गर्ने

निर्णय भएको र उक्त निर्णय बमोजिम उपभोक्ता समिति

दर्ता/सूचीकरणको लागि यो निवेदन पेश गरेका छौं ।

.....................

.....................

.....................

( सचिव )

( कोषाध्यक्ष )

( अध्यक्ष )

नाम, थरः

नाम, थरः

नाम, थरः

सम्पर्क नम्बरः

सम्पर्क नम्बरः

सम्पर्क नम्बरः

मितिः

मितिः

मितिः

**अनुसूची ३**

**(कार्यविधिको दफा ४ (१) ड संग सम्बन्धित)**

**सूर्योदय नगरपालिका**

**इलाम**

**उपभोक्ता समिति दर्ता प्रमाण-पत्र**

**दर्ता नम्बरः ................**

**मितिः ................**

यस नगरपालिकाको वडा नं. ....... को ...................... टोलमा ......................................................कार्य गर्नका लागि मिति ................................. मा सम्वन्धित उपभोक्ताको भेलाबाट उपभोक्ता समिति गठन गर्ने निर्णय भए बमोजिम उपभोक्ता समितिको ................................ को बैठकको निर्णयबाट समिति दर्ताको लागि निवेदन प्राप्त भएको हुँदा मिति ........................... को निर्णयानुसार ................................................ समिति दर्ता गर्ने निर्णय भएकोले उपभोक्ता समिति दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

उपभोक्ता समिति दर्ता नम्बरः .................. ( आर्थिक वर्ष )

उपभोक्ता समितिको नामः

उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नम्बरः

दर्ता प्रमाणपत्र मान्य रहने अवधिः २०८१ असार मसान्तसम्म ।

....................................

| नवीकरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नवीकरण मिति | नवीकरण अवधि | तयार गर्नेको सही | प्रमाणित गर्नेको सही |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची ४

## कार्यविधिको दफा ४(१)(ण) सँग सम्वन्धित)

## सूर्योदय नगरपालिका, इलाम

## उपभोक्ता समिति दर्ता लगत किताब

| क्र.स. | उपभोक्ता समितिको नाम र ठेगाना | पदाधिकारीको नाम र सम्पर्क नं. | | | | गठन मिति | बैंकको नाम | खाता नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**अनुसूची – ५**

**(कार्यविधिको दफा ७ (२) सँग सम्बन्धीत)**

## सूर्योदय नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम

कोशी प्रदेश, नेपाल

### योजना सम्झौता फारम

(सम्झौता पत्र प्रति योजना ३ प्रति हुनुपर्नेछ । १ प्रति लेखा शाखा र १ प्रति योजना तथा प्राविधिक शाखा र १ प्रति उपभोक्ता समितिलाई दिने प्रयोजनको लागि)

**स्वीकृत बार्षिक कार्यक्रम : ...........................................................**

**योजनाको नामः ..................................................................**

**ठेगाना : सूर्योदय नगरपालिका ..................................................**

**आ.व.: ..........................................................................**

**उपभोक्ता समितिकोः–**

**अध्यक्षको नामः– श्री ...............** **सम्पर्क नं.** **............................**

**सचिबको नामः– श्री ...............** **सम्पर्क नं.**

<u>**योजना सम्झौता फारम**</u>

१. सम्झौता गर्ने पक्षहरुको विवरण (उपभोक्ता समितिको र सूर्योदय नगरपालिकाको कार्यालय)

नाम : **सूर्योदय नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम** (पहिलो पक्ष)

उपभोक्ता समितिको नाम (दोस्रो पक्ष) : **श्री........................................,**

ठेगाना : **सूर्योदय नगरपालिका ..........................................., इलाम**

अन्य साझेदार निकाय :

स्वीकृत कार्यक्रमको नाम : ..........................................................

स्वीकृत योजनाको नाम : **..........................................................**

उद्देश्य : ..........................................................................................

योजना स्वीकृत गर्ने निकाय : सूर्योदय नगर कार्यपालिकाको कार्यालय, फिक्कल इलाम

२. आयोजनाको लागत सहभागिता सम्बन्धी विवरण :

योजनाको कुल लागत रकम रु : ..............................................

उपभोक्ता समितिको सहभागिता रकम रु : ........................ (कम्तीमा २०%)

नगद रु. : ..................... जनश्रमदान रु. : .....................

स्थानीय निर्माण सामाग्री रु...............

नगरपालिकाबाट स्वीकृत रकम रु. ...............................................

अन्य साझेदार निकायहरुबाट व्यहोर्ने रु र प्रतिशत :

| | |
|---|---|
| (क) निजी क्षेत्र रु : | प्रतिशत : |
| (ख) गैह्र सरकारी क्षेत्र (राष्ट्रिय/अन्तराष्ट्रिय) रु : | प्रतिशत : |
| (ग) विषयगत कार्यालय रु : | प्रतिशत : |
| (घ) अन्य साझेदार रु : | प्रतिशत : |
| (ङ) अन्य निकाय रु. : | प्रतिशत : |

३. उपभोक्ता समिति सम्बन्धी विवरण (आयोजनाबाट लाभान्वित हुने) जनसंख्या :

(क) जम्मा घरधुरी संख्याः ...... (ख) जम्मा परिवार संख्या.........

(ग) जम्मा टो.वि.संस्था.........

(घ) जम्मा जनसंख्या : ........ महिला : पुरुष :

(ङ) पिछडिएको तथा विपन्न परिवार संख्या : महिला : पुरुष :

(च) पिछडिएको तथा विपन्न वर्गको जनसंख्या: महिला: पुरुष :

(छ) दलित वर्गको जनसंख्याः महिला पुरुष

(ज) आदिबासीको जनसंख्याः महिला पुरुष

(झ) अन्य परिवार संख्या : महिला पुरुष

(ञ) बालबालिकाको संख्या (१८ बर्ष मुनिका) : महिला पुरुष

(ट) अन्य वर्ग (ब्राम्हण क्षेत्री/अन्य) को जनसंख्या महिला पुरुष

३.१ उपभोक्ता समिति गठन गर्ने निकायको नाम र ठेगाना : **सूर्योदय नगरपालिका ...................., इलाम**

३.२ उपभोक्ता समिति गठन भएको मिति : **........................**

३.३ उपभोक्ता समिति गठन हुने आम उपभोक्ता भेलामा उपस्थिति संख्या : **................**

३.४ उपभोक्ता समितिका पदाधिकारीको विवरण :

| सि.न. | पदाधिकारीको नाम थर | लिङ्ग म/पु | पद | ठेगाना | समपर्क नं. |
|---|---|---|---|---|---|
| १ | श्री ..................... | ... | अध्यक्ष | | |
| २ | श्री ..................... | ... | साचिव | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | श्री ..................... | ... | कोषाध्यक्ष | | |
| ४ | श्री ..................... | ... | सदस्य | | |
| ५ | श्री ..................... | ... | सदस्य | | |
| ६ | श्री ..................... | ... | सदस्य | | |
| ७ | श्री ..................... | ... | सदस्य | | |

४. आयोजना सम्बन्धी विवरण :

आयोजनाको क्षेत्र : **सूर्योदय नगरपालिका .............................**

(क) आर्थिक/सामाजिक/भौतिक पूर्वाधार/अन्य खुलाउने : **....................**

(ख) आयोजना शुरु र सम्पन्न हुने मिति : शुरु हुने ..........................

सम्पन्न हुने : ......................

(ग) म्याद थप भएको भए सो सम्बन्धी विवरण : म्याद थप भएको भए मिति :

म्याद थप अनुसार काम सम्पन्न हुने मिति :

५. आयोजनाको लागत अनुमानबाट भर्ने आयोजनाको प्राविधिक विवरण :

(क) सिंचाई भए लम्बाई (मि.) .................. सिंचित हुने क्षेत्रफल ................. (हेक्टर)

(ख) विद्यालय भए कोठा संख्या : ....................क्षेत्रफलः.................... (व.मि)

(ग) सामुदायिक भवन भए कोठा संख्या :....................क्षेत्रफलः .................... (व.मि)

(घ) हेल्थ पोष्ट भए कोठा संख्या : ....................क्षेत्रफलः .................... (व.मि)

(ङ) खेल मैदान भए : ....................क्षेत्रफलः .................... (व.मि)

(च) बाटो भए लम्बाई : ............. कि.मि. चौडाई .......... कि.मी. उचाई ...............से.मी.

(छ) कल्भर्ट तथा ढल भए, लम्बाई ...................... मी. चौडाई : ....................मी.

(ज) पुल भए, लम्बाई ........................... मी. प्रकार : ...................................

(झ) खानेपानी भए, पाइपको लम्बाई : ............ वितरण हुने धारा संख्या : .............
इन्टेक : ...... घ.मी.विभिन्न किसिमका टंकी निर्माण/बीपीटी......... घ.मी.

(ञ) लघु जलविद्युत भए, क्षमताः ....................... कि.वा. ..............

(ट) विद्युतीकरण भए, तारको लम्बाई : ...................... मि. पोल संख्या : .................

(ठ) बृक्षारोपण तथा जडीबुटी संरक्षण भए, संरक्षित क्षेत्रको क्षेत्रफलः ..........हेक्टर

(ड) प्रशोधन केन्द्र भए, प्रकार : ........................... क्षमता : .........................

(ढ) मिल भए, प्रकार : ............................ क्षमता : ..............................

(ण) तालिम भए, प्रकार : ............................ सहभागी संख्या : ................... दिनः .....

(त) शौचालय भए, प्रकार : ..................................... वटा : .........................

(थ) अन्य (माथि उल्लिखित भन्दा अन्य प्रकारको आयोजना भए, विवरण उल्लेख गर्ने) :

**६. उपभोक्ता समितिलाई प्रदान गरिएको निकासा सम्बन्धी विवरण :**

| किस्ता | प्राविधिक नापजाँचको आधारमा मूल्याङ्कन रकम | निकासा गएको रकम | मिति | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| पहिलो | | | | | |
| दोश्रो | | | | | |
| तेश्रो तथा अन्तिम | | | | | |

| जम्मा | | | | | |
|---|---|---|---|---|---|

**७. उपभोक्ता समितिको बैंक खाता सम्बन्धी विवरण :**

बैंक खाता नं. : ...................................... खतावालाको नाम ........................................................

बैंक नाम : ............................ शाखा : ......................

खाता सञ्चालकहरुको नाम : ..............................................................

१. उपभोक्ता समितिहरुलाई योजना सञ्चालन गर्दा पेश्की दिइने छैन । जति काम भयो त्यसैको आधारमा मुल्याङ्कन गरी भुक्तानी दिइनेछ ।

२. सम्झौतामा उल्लेख भएको म्यादभित्र उपभोक्ता समितिले आयोजना सम्पन्न गरी सक्नुपर्नेछ । कुनै कारणवश आयोजना सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसकेको कारण सहित १५ दिन अगावै म्याद थपका लागि निवेदन दिनुपर्नेछ । म्याद थपको कारण कार्यालयलाई उचित लागेमा कार्यालयले सम्झौताको म्याद थप गर्न सक्नेछ । यसरी म्याद थप नगरी भुक्तानी/पेश्की उपलब्ध हुने छैन । म्याद थपको लागि औचित्य र कारण सहित उपभोक्ता समितिबाट निर्णय गरी समयमा नै निवेदन दिनु पर्नेछ ।

३. आयोजनामा लाग्ने रकम नगरपालिकाको कामको आधारमा किस्तामा उपलब्ध गराउने छ ।

४. उपभोक्ता समितिले कार्यालयसँग रकम माग गर्दा प्राविधिक मुल्याङ्कन, खर्च अनुमोदन प्रतिलिपि, अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन, सार्वजनिक खर्च परीक्षण, योजनाको फोटो, आयोजनाको भौतिक तथा वित्तिय प्रगती विवरण लगायतका कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

५. आयोजनामा आवश्यक प्राविधिक सहयोग नगरपालिकाले उपलब्ध गराउने छ ।

६. लागत सहभागिता विवरणमा उल्लेख भए अनुसार सहभागिता जुटाउनु उपभोक्ता समितिको जिम्मेवारी हुनेछ। जनसहभागिता बापतको नगदै रकम व्यहोर्ने भए सम्झौता गरेकै दिनमा भौचर दाखिला गर्नुपर्नेछ । जनश्रमदान र स्थानीय निर्माण सामाग्रीबाट व्यहोर्ने भए सम्झौतामा प्रष्ट उल्लेख गर्नुपर्नेछ । सो बापतको जनसहभागिता अनिवार्य उपभोक्ता समितिले जुटाउनुपर्ने छ । व्यहोर्नुपर्ने छ । सो कुरा कार्ययोजना र कार्यान्वयन योजनामा स्पष्ट खुलाउनु पर्नेछ

७. आयोजनासँग सम्बन्धित प्राप्त नगद/जिन्सी उपभोक्ता समितिले सम्बन्धित आयोजनामा मात्र खर्च गर्नुपर्नेछ। अन्य व्यवस्थापन कार्यमा खर्च गर्न पाइने छैन । प्राप्त नगद÷जिन्सीको दुरुपयोग, हिनामिना वा हानी नोक्सानी गरेमा प्रचलित नियम अनुसार उपभोक्ता समितिलाई कारवाही हुनेछ ।

८. उपभोक्ता समितिले कार्य सम्पन्न गरेको आधारमा कार्यालयले रकम भुक्तानी गर्नेछ । त्यस्तो रकम कार्यालयबाट उपभोक्ता समितिको बैंक खातामा निकासा गरिनेछ ।

९. उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्रे सामानहरु मर्मत सम्भार समिति गठन भएको भए सो समितिलाई र सो नभए यस कार्यालयलाई बुझाउनुपर्नेछ । मर्मत सम्भार समितिलाई बुझाएको समानको विवरण एक प्रति यस कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ । उपभोक्ता समितिले आयोजनाको मर्मत संभारको लागि मर्मत संभार समिति बनाई विधिवत दर्ता गर्नु पर्नेछ ।

१०. आयोजनाको लागि चाहिने आवश्यक कागजात यसै साथ संलग्न राख्नुपर्नेछ ।

११. उपभोक्ता समितिका सबै पदाधिकारीको नागरिकताको प्रतिलिपी संलग्न गर्र्नुपर्नेछ ।

१२. उपभोक्ता समितिले आयोजनासँग सम्बन्धित बिल भरपाइहरु, डोरहाजिरी फाराम, जिन्सी, नगदी खाताहरु, समिति/समुहको निर्णय पुस्तिका आदि कागजात अख्तियार दुरुपयोग आयोग र अन्तर्गतका कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र लगायतका निगरानी राख्ने निकायहरु (Oversight Agency) कार्यालय, नगरपालिका कार्यालय र अन्य सरोकारवाला पदाधिकारीले मागेको बखत उपलब्ध गराउनुपर्नेछ  र त्यसको लेखापरीक्षण पनि गराउन सकिनेछ ।

१३. योजना सम्झौता पश्चात कार्यान्वयन चरणका कुनै प्रकारको विवाद सिर्जना भएमा त्यसको व्यवस्थापन गर्ने जिम्मेवारी उपभोक्ता समितिको हुनेछ । यसको लागि सम्बन्धित वडाले सहजीकरण गर्नुपर्नेछ ।

१४. योजना सम्झौता भएपछि उपभोक्ता समितिका पदाधिकारीलाई कार्य शुरु हुनुभन्दा अगाडि आयोजनाको प्रकृति र आवश्यकता अनुसार अभिमुखीकरण तालिम दिइनेछ। अभिमुखीकरण तालिम लिइसकेपछि मात्र कार्यादेश प्राप्त गरी प्राविधिकबाट लेआउट भएपछि मात्र काम शुरु गर्नुपर्नेछ ।

१५. उपभोक्ता समितिले आयोजनाको सार्वजनिक परीक्षण, आयोजना सूचना पाटी, आम्दानी खर्चको सार्वजनिकीकरण तथा अन्य पारदर्शिता सम्बन्धी प्रावधानको पालना गर्नुपर्नेछ । आयोजना

सूचना पाटी सम्झौता भएपछि उपभोक्ता समितिले तत्कालै राख्नु पर्नेछ।

१६. उपभोक्ता समितिले योजना सम्झौता भएको मितिले १ महिनाभित्र कार्य सञ्चालन नगरेमा उक्त समितिसँगको सम्झौता कार्यालयले तोड्न सक्नेछ ।

१७. उपभोक्ता समितिबाट योजनाको प्रकृति र अवस्था अनुसार योजना सञ्चालन गर्न अति आवश्यक पर्ने स्वीकृत ल.ईं अनुसारका(स्थानीय बाहेकका) निर्माण सामाग्री, अन्य जडान गर्नुपर्ने उपकरण, र अन्य सामान खरीद गर्नुपर्ने प्रयोजनको लागि मात्र उपभोक्ता समितिबाट निर्णय भई आएमा पेश्की रकम कार्यालयले उपलब्ध गराउन सक्ने छ । यसरी लिएको पेश्की रकमबाट तोकिएको समयभित्र माथि उल्लेखित निर्माण सामाग्री खरीद नगरी रकमको दुरुपयोग गर्ने, खरीद निर्माण सामाग्रीको बिल भरपाई चुस्त दुरुस्त र पारदर्शी रुपमा नराख्ने, वा ल.इ. अनुसारको निर्माण समाग्री र अन्य उपकरण तथा सामान खरीद प्रयोजनको लागि पेश्की लिई अन्यत्र काममा लगाउने गरेको पाइएमा, पेश्की रकम तत्काल उपभोक्ता समितिबाट फिर्ता गर्नुपर्नेछ ।

१८. आयोजना सम्पन्न भएपछि स्थानीय निकायबाट जाँचपास गरी फरफारकको प्रमाणपत्र लिनुपर्नेछ । साथै आयोजना हस्तान्तरण लिई आवश्यक मर्मत सम्भारको व्यवस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेछ ।

१९. आयोजना सम्पन्न भए पश्चात करचुक्ता गर्ने दायित्व सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

२०. कार्यालयसँग योजना कार्यान्वयनको लागि योजना सम्झौता गरी योजना सम्पन्न नगर्ने, फरफारक नगर्ने उपभोक्ता समितिलाई कालोसूचीमा राखिने छ।

२१. उपभोक्ता समितिले कार्यालयसँग सम्झौता गरी निर्माण व्यवसायी मार्फत गरी काम गरेको पाइएमा सम्झौता स्थगित गरी कारवाही गरिनेछ र कालो सूचीमा राखिनेछ।

२२. उपभोक्ता समितिसँग भएको सम्झौताको शर्त नं.१ मा उल्लेख भए बमोजिम उपभोक्ता समितिले कार्य गरेको आधारमा प्राविधिकबाट नापजाँच र मुल्याङ्कन भएपछि प्रथम किस्ता बापत उपलब्ध गराइएको प्रथम किस्ता रकम खर्च भएपछि सो खर्च रकमको आम उपभोक्ता भेलाबाट खर्चको अनुमोदन गरी सोको प्रतिलिपी र उपभोक्ता समितिबाट खर्च अनुमोदन सहितको निर्णय प्राप्त भएपछि मात्र दोस्रो किस्ता रकम उपभोक्ता समितिले माग गर्नुपर्नेछ। सोही प्रकारले दोस्रो किस्ता रकम र तेस्रो तथा अन्तिम किस्ता रकम माग गर्नुपर्नेछ। आम उपभोक्ता भेलाबाट प्रथम, दोस्रो र अन्तिम किस्ताको खर्च रकम सार्वजनिक गरेको सार्वजनिक खर्च परीक्षणको प्रतिलिपी र सोही अनुसार उपभोक्ता समितिबाट खर्च अनुमोदन भएको निर्णयको प्रतिलिपी नगर कार्यपालिकामा प्राप्त नभएमा नगर कार्यापालिकाको कार्यालयबाट भुक्तानी गर्न सकिने छैन। सार्वजनिक परीक्षण गर्दा नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त निर्धारित ढाँचा अनुसार गर्नुपर्नेछ। सार्वजनिक परीक्षण गर्ने मिति, समय र स्थान तोकी आयोजनाले समेटेका क्षेत्रका लाभान्वित उपभोक्ताहरु, टोल विकास संस्थाका पदाधिकारीहरु, पत्रकार, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधिहरु, सरकारी तथा गैर सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु, स्थानीय

समाजसेवीहरु, बृद्धिजिवीहरु, सम्बन्धित वडाका निर्वाचित पदाधिकारीहरु, सम्बन्धित वडाका राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु र सार्वजनिक सेवामा संलग्न व्यक्तिहरुलाई सूचना गरी आमन्त्रण गरी वडाका कर्मचारी वा सामुदायिक परिचालकहरुबाट गराउनु पर्नेछ ।

२३. उपभोक्ता समितिबाट सञ्चालित आयोजनाको सार्वजनिक खर्च परीक्षण गर्ने कार्यमा आवश्यकता अनुसार सार्वजनिक सुनुवाई गर्ने कार्यमा उपभोक्ता समितिले सम्बन्धित नगरपालिका/वडाको सहयोग लिनुपर्नेछ र सम्बन्धित वडाले सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

२४. नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति/वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति÷आयोजना स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको अनुगमन प्रतिवेदन, निर्णय सिफारिस र सम्बन्धित वडा कार्यालयबाट आयोजना सम्पन्न भएको किटानी सिफारिस प्राप्त भएपछि मात्र उपभोक्ता समितिलाई भुक्तानी दिइनेछ ।

२५. आयोजना सम्झौता भएपछि उपभोक्ता समितिले नगर कार्यपालिकाको योजना तथा प्राविधिक शाखाको प्राविधिकबाट सहयोग लिई निर्धारित ढाँचाको योजना सञ्चालन सम्बन्धी कार्ययोजना (Work Plan), कार्यान्वयन योजना Implementation Plan_ पेश गर्नुपर्नेछ । र नगर कार्यपालिकाको कार्यालयबाट अभिमुखीकरण र तालिम लिई कार्यादेश दिएपछि मात्र काम शुरु गर्नुपर्नेछ । उपभोक्ता समितिले काम शुरु गर्नुअघि सम्बन्धित प्राविधिकको परामर्शमा ले–आउट लिएर मात्र काम सुरु गर्नुपर्नेछ । र सम्बन्धित प्राविधिकबाट निरन्तर

रुपमा सल्लाह तथा निरीक्षण गराई तोकिएको डिजाइन र स्वीकृत ल. इ. नम्र्स, मापदण्ड तथा स्पेसिफिकेशन बमोजिम गुणस्तरीय काम गर्नुपर्नेछ ।

२६. उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा प्राविधिकबाट तोकिएको डिजाइन, स्वीकृत ल.इ. नमर्स, स्पेशिफिकेशन, नगरसभाबाट स्वीकृत दररेट र मापदण्ड अनुसार मात्र कार्य गर्नुपर्नेछ । जनश्रमदान र स्थानीय निर्माण सामाग्रीको जनसहभागिता जुटाउने गलत मनसायले उपभोक्ता समितिले स्वीकृत डिजाइन, ल. ई. नम्स, स्पेसिफिकेशन अनुसारको काम नगरी अन्य काम भएका सो को प्राविधिक नापजाँच र मुल्याङ्कन हुने छैन । र सो कार्य वापतको भुक्तानी हुने छैन ।

२७. उपभोक्ता समितिबाट सम्पन्न भएको कामको प्रकृति र अवस्था हेरी उपभोक्ता समितिबाट काम सम्पन्न भएको कुल प्राविधिक मुल्याङ्कन रकमको ५% रकम उपभोक्ता समितिले पेश गरेको सम्पन्न कामको तेस्रो तथा अन्तिम बिलबाट धरौटी कट्टा गरिनेछ । उक्त कट्टा भएको ५% धरौटी रकम सूर्योदय नगरपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को प्रकरण नं. ३४ (१) र (३) बमोजिम आयोजना जाँचपास र फरफारक भएपछि र सोको अनुमोदन नगरसभाबाट भएपछि वा प्रचलित आर्थिक ऐन, नियम, सार्वजनिक खरीद ऐन तथा नियमावली कार्यविधि बमोजिम मर्मत सम्भार अवधि (Defect Liability Period) काम सम्पन्न भएको कम्तीमा ६ महिना व्यतित (समाप्त) भएपछि मात्र कट्टा गरिएको धरौटी रकम भुक्तानी दिइनेछ ।

२८. श्रममूलक प्रविधिबाट कार्य गराउने भनी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी दोस्रो पक्ष (उपभोक्ता

समितिबाट) हेभी मेशिनरी उपकरण प्रयोग गरी निर्माण कार्य गरेको पाइएमा प्रथम पक्षबाट त्यस्तो हेभी मेशिन उपकरण प्रयोग गरी गरेको कामको प्रथम पक्षबाट प्राविधिक नापजाँच चेकजाँच मूल्यांकन गरिने छैन र आर्थिक मूल्यांकन समेत गरिने छैन । साथै श्रममूलक प्रविधिबाट कार्य गराउने भनी  लागत अनुमान स्वीकृत गराई सोहि बमोजिम सम्झौता गरी हेभी मेशिन प्रयोग गरी गरेको कामको प्रथम पक्षबाट भुक्तानी गरिने छैन । श्रममूलक प्रविधिबाट कार्य गराउने भनी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी हेभी मेशिन उपकरण प्रयोग गरी गरेको कामको कुनै कारणवश पहिलो पक्षबाट भुक्तानी भै सकेको अवस्थामा पछिल्लो रनिङ वीलबाट समेत पहिल्यै भएको कामको भुक्तानी रकमको मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असूल उपर गरी दोस्रो पक्ष (उपभोक्ता समिति)लाई कालो सूचीमा राखिनेछ । उपभोक्ता समितिले हेभी मेशिन उपकरण प्रयोग गरी गरेको कामको श्रममूलक प्रविधिबाट श्रमिकद्धारा गरेको भनी डोर हाजिर पेश गरेमा त्यस्तो कामको समेत प्रथम पक्षबाट प्राविधिक नापजाँच चेकजाँच र मूल्यांकन गरिने छैन साथै उक्त कार्यको भुक्तानी समेत गरिनेछैन । यदि त्यस्तो गरेको पाइएमा उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई कालो सूचीमा राखिनेछ ।

२९. उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आइटमहरुमा परिवर्तन हुने भएमा अधिकारप्राप्त व्यक्ति वा कार्यालयबाट लागत अनुमान संशोधन गरेपश्चात् मात्र कार्य गराउनु पर्नेछ । यसरी लागत अनुमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समिति नै जिम्मेवार हुनेछ ।

३०. उपभोक्ता समितिले निर्माण सम्बन्धी कार्य गर्दा डोजर रोलर, एस्काभेटर लगायत हेभी इक्विपमेन्ट र भारी मेशिनरी उपकरण भाडामा लिएको एवम् घर वहालमा लिई विल भरपाई पेश भएको अवस्थामा १० प्रतिशत भाडा कर वा वहाल कर तिर्नुपर्नेछ ।

३१. उपभोक्ता समितिले निर्माण सम्बन्धी कार्य गर्दा वा निर्माण सामग्री खरिद गरी कार्य गर्दा मूल्य अभिवृद्धि कर (VAT) लाग्ने वस्तु, सामान तथा सेवा खरिद गर्दा रु. २० हजार भन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्नेछ । साथै उक्त बिलमा उल्लिखित मू.अ. कर बाहेकको रकममा १.५ प्रतिशत अग्रीम आयकर बापत करकट्टी गरी बाँकी रकममात्र सम्बन्धित उपभोक्ता समितिलाई/सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । उपभोक्ता समितिले रु. २० हजारभन्दा कम मूल्यको सामग्री खरिदमा पान नम्बर लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नुपर्नेछ । अन्यथा निर्माण सामग्री खरिद गर्ने उपभोक्ता समिति नै जिम्मेवार हुनेछ ।

३२. उपभोक्ता समितिबाट आयोजनाको बारेमा आयोजना सुरु गर्नुभन्दा पहिला आयोजनाले समेटेका क्षेत्रका सबै टोल बस्तीका लाभान्वित स्थानीय उपभोक्ताहरु र कम्तीमा टोल विकास संस्थाका पदाधिकारीहरुलाई भेला गरी आयोजनाको बारेमा पूर्व जानकारी (Pre Mass Sensitization) गराउनुपर्ने छ ।

३३. उपभोक्ता समितिले निर्माण कार्य गर्दा काम सुरु हुनुभन्दा अगाडिको फोटो, तस्वीर, कार्य हुँदै गरेको समयको फोटो, तस्वीर र काम सम्पन्न भईसकेपछिको फोटो तस्वीर अनिवार्य भुक्तानी माग गर्दा पेश गर्नुपर्नेछ ।

३४. उपभोक्ता समितिले निर्माण कार्यको भौतिक एवम् वित्तिय प्रगति विवरण सू.न.पा. स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को बुँदा नं. २४ (१९) बमोजिम भुक्तानी माग गर्दा पेश गर्नुपर्नेछ ।

३५. प्रचलित आर्थिक कार्यविधि ऐन संशोधन सहित २०५५ तथा तत्सम्बन्धी नियमावली संशोधन सहित २०६४, सार्वजनिक खरीद ऐन (संशोधन सहित) २०६३ र सार्वजनिक खरीद नियमावली (संशोधन सहित) २०६४ को नियम ९७(९) बमोजिम साथै सूर्योदय नगरपालिका स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को प्रकरण नं.२४ (१८) बमोजिम उपभोक्ता समितिबाट आयोजना सञ्चालन÷ कार्यान्वयन गर्दा, डोजर, लोडर, एक्साभेटर, रोलर, ग्रेडर, विटुमिन व्वाइलर जस्ता हेभी इक्वीपमेण्ट र उपकरण प्रयोग गर्न पाइने छैन । यदि लागत अनुमान तयार गर्दाको समयमा नै माथि उल्लिखित उपकरण लगायत हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको अवस्थामा सम्बन्धित प्राविधिकको सिफारिसमा नगरपालिकाको सहमति लिई यस्ता हेभी मेशिन उपकरण प्रयोग गर्न सकिनेछ ।

३६. डोर हाजिरमा कामगर्ने श्रमिकहरुको कम गर्दै गरेको श्रमिकको फोटो अनिवार्य उपभोक्ता समिति (दोस्रो पक्ष)लेराख्नुपर्नेछ ।

३७. उपभोक्ता समिति (दोस्रो पक्ष)ले आयोजनाको निर्माण कार्यमा प्रयोग गरेको हेभी मेशिन उपकरण नगरपालिकामा सूचीकृत भएको प्रमाण र सूचीकृत भएको कर दस्तुरको प्रमाण राख्नुपर्नेछ ।

३८. उपभोक्ता समितिका सबै पदाधिकारीहरुले नियमानुसारको विगत आ.ब.को बाँकी बक्यौता र आ.ब.२०७७।०७८ को नियमानुसार कर, शूल्क, दस्तुर बुझाएको प्रमाण पेश गर्नुपर्नेछ ।

३९. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन, ऐन र नियमानुसार हुनेछ ।

४०. माथि उल्लेख भए बमोजिम शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मञ्जुर गर्दछौं ।

| **उपभोक्ता समितिको तर्फबाट** | **नगर कार्यपालिकाको कार्यालयको तर्फबाट :** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम, थर : .................. | नाम, थर : |
| पद : ............. | पद : |
| ठेगाना : ..................... | ठेगाना : सूर्योदय नगरपालिका, इलाम |
| मिति : ....................... | मिति : .................................. |

साक्षीहरु :

| **सि.न** | **नाम थर** | **ठेगाना** | **सम्पर्क नं.** | **हस्ताक्षर** |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

**अनुसूची ६**

**(कार्यविधिको दफा ११ (५) सँग सम्वन्धित)**

**सार्वजनिक परीक्षण फारामको ढाँचा पेश गरेको कार्यालय..........**

१. आयोजनाको नामः क) स्थलः

ख) लागत अनुमानः ग) आयोजना शुरू हुने मितिः

घ) आयोजना सम्पन्न हुने मितिः

२. उपभोक्ता समिति/सामुदायिक संस्थाको क) नामः

क) अध्यक्षको नामः ख) सदस्य संख्याः

महिलाः

पुरूषः

३. आम्दानी खर्चको विवरणः

**क) आम्दानीतर्फ जम्माः**

| आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने)<br><br>रकम वा परिमाण | रकम वा परिमाण | कैफियत |
|---|---|---|

| कैफियत | | |
|---|---|---|
| | | |
| | | |

**ख) खर्चतर्फ**

| खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|
| १. सामाग्री (के के सामाग्री खरिद भयो ?) | | | |
| २. ज्याला (के मा कति भुक्तानी भयो ?) | | | |
| | | | |
| | | | |
| ३. श्रमदान (कति जनाले श्रमदान गरे ?) | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| ४. व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च) | | | |
| | | | |

**ग) मौज्दात**

| **विवरण** | **रकम वा परिमाण** | **कैफियत** |
|---|---|---|
| १ नगद | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| २ सामग्रीहरु | | |

**घ) भुक्तानी दिन बाँकी**

| **विवरण** | **रकम वा परिमाण** |
|---|---|
| | |

**४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण**

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |

५. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रूपमा लाभान्वित जनसंख्या (आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरू)।

६. आयोजना सञ्चालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस कसले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिएको खुलाउने)

उपस्थितिः

१

२

३

४

५

रोहवरः नामथरः पदः मितिः

द्रष्टव्यः सार्वजनिक परिक्षण कार्यक्रममा उपस्थित सरोकारवालाहरुको उपस्थिति अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ।

**अनुसूची ७**

**(कार्यविधिको दफा ११ (६) सँग सम्वन्धित)**

**खर्च सार्वजनिक सूचना फाराम**

**मितिः .............**

**१. आयोजनाको नामः—** **२.**

**आयोजना स्थलः—**

**३. विनियोजित वजेटः—** **४.**

**आयोजना स्विकृत भएको आ.वः—**

**५. आयोजना सम्झौता भएको मितिः—** **६.**

**काम सम्पन्न गर्नु पर्ने मितिः—**

**७. काम सम्पन्न भएको मितिः—** **८.**

**उ.स. को बैठकले खर्च स्वीकृत गरेको मितिः—**

**आम्दानी र खर्चको विवरण**

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| **विवरण** | **रकम रू** | **विवरण** | **रकम** |
| प्रथम किस्ता | | ज्याला | |

| | | | |
|---|---|---|---|
| दोश्रो किस्ता | | निर्माण सामाग्री खरिद | |
| तेश्रो किस्ता | | ढुवानी | |
| जनश्रमदान | | भाडा | |
| वस्तुगत सहायता | | व्यवस्थापन खर्च | |
| लागत सहभागिता | | | |
| | | | |
| | | | |

उपर्युक्तानुसारको आम्दानी तथा खर्च विवरण यथार्थ हो । यसमा सबै आम्दानी तथा खर्चहरु समावेश गरिएको छ । साथै उपभोक्ताहरुको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ । यसको एक प्रति वडा कार्यालयमा समेत पेश गरिएको छ ।

| ...................... | .............................. | ............................ |
|---|---|---|
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

## अनुसूची ८

## (कार्यविधिको दफा ११(७) संग सम्वन्धित)

## आयोजना सूचना पाटीको नमूना

१.  आयोजनाको नामः

२. आयोजना संचालन गर्ने कार्यालय/कार्यक्रमको नामः

३. उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नं.

४. आयोजनाको कुल लागत रकम रुः

४.१. आयोजनामा कार्यालयबाट व्यहोर्ने लागत रुः

४.२. जनसहभागिताबाट व्यहोर्ने लागत रकम रुः

४.३. आयोजनामा लगानी गर्ने अन्य निकायको नाम  र व्यहोर्ने लागत रकम रुः

५. आयोजना सम्झौता मितिः

६. आयोजना सम्पन्न गर्ने मितिः

७. आयोजनाबाट लाभान्वित जनसंख्याः

८. मुख्य मुख्य कार्यहरुः

क)

ख)

ग )

९. साइट इन्चार्जहरुको

क) नाम, थरः

ख) सम्पर्क नम्बरः

## अनुसूची ९

## (कार्यविधिको दफा १५(१) सँग सम्वन्धित)

## आयोजना हस्तान्तरण फाराम

सूर्योदय नगरपालिका वडा नं. .................................. मा सञ्चालित मिति ................मा शुरु भई मिति ................. मा सम्पन्न भएको .................................... आयोजना मिति ...................... मा यस नगरपालिकामा सूचीकृत भई प्रमाण पत्र नं. .............. प्राप्त गरेको ............... शूल्क/मर्मत सम्भार शूल्क लिई नगरपालिकाले तोकी दिए बमोजिम उक्त आयोजनाको मर्मत सम्भार गर्ने नगरपालिका तथा उपभोक्ता समिति दुवै पक्ष सहमत भई आज मिति ......................... मा सम्वन्धित उपभोक्ता समितिलाई हस्तान्तरण र सूचारु अवस्थामा राख्ने सहमति भएको छ । यस आयोजना प्रति उपभोक्ता समितिले देखाएको चाख, विश्वास, धैर्य र सक्रिय सहयोगको लागि हार्दिक धन्यवाद ज्ञापन गरिएको छ ।

**नगरपालिकाको तर्फबाट (हस्तान्तरण)**

**उपभोक्ता समितिको तर्फबाट**

हस्तान्तरण गर्नेः हस्तान्तरण लिनेः

नामः नामः

पदः पदः

कार्यालयः

समिति/समुदायः

**साक्षीहरु**

| कार्यालयको तर्फबाट | | | | समुदायको तर्फबाट | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | नाम | पद | हस्ताक्षर | क्र.सं. | नाम | पद | हस्ताक्षर |
| | | | | | | | |
| | | | | | | | |

**योजना/आयोजना हस्तान्तरणका शर्तहरुः**

१. मर्मत सम्भार कोष सम्वन्धी व्यवस्था ।

यस योजनाको दिगो उपयोगका लागि योजनासँग सम्बद्ध संरचनाहरुको समायोचित मर्मत सम्भारको व्यवस्था यस उपभोक्ता समिति/मर्मत सम्भार उपभोक्ता समितिले गर्नेछ ।

२. मर्मत सम्भार कोष सम्वन्धी व्यवस्थाका लागि उपभोक्ता समितिले एक मर्मत सम्भार कोष खडा गर्नेछ जसमा निम्न बमोजिमका रकमहरु जम्मा गरिनेछ ।

   क. जि.स.स./नगरपालिका/वडा वा अन्य निकायबाट प्राप्त रकम,

   ख. योजनाबाट उपलब्ध सेवा उपयोग गरे वापत उपभोक्ताहरुबा६ उठाएको रकम,

३. उपभोक्ता समितिले योजनाको उपयोग गरे वापत प्रति व्यक्ति/घरधुरीले देहाय बमोजिम रकम प्रति महिना/वर्ष उठाउन सक्नेछः-

   क. सिंचाई योजनाको हकमाः सिंचित क्षेत्रफल प्रति रोपनी/हेक्टर प्रति महिना/वर्ष रु. ........ ।

   ख. खानेपानी योजनाको हकमाः प्रति घरधुरी प्रति महिना रु. ........... ।

   ग. विद्यालयको हकमा प्रति परिवार रु. ....................।

   घ. सामुदायिक भवन प्रति परिवार रु. .....................।

   ङ. सडक/कल्भर्ट प्रति परिवार रु. ..................।

च. अन्य उत्पादनमूलक वा आर्थिक क्रियाकलापसँग सम्वन्धित योजना प्रति सदस्य रु. ..................।

## अनुसूची १०

### (कार्यविधिको दफा १८(ङ) सँग सम्वन्धित)

### उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन

विवरण पेश गरेको कार्यालय...................

१. आयोजनाको विवरण

आयोजनाको नामः वडा नं.

टोल/बस्तीः उपभोक्ता समितिका

अध्यक्षः सचिवः

२. आयोजनाको लागतः प्राप्त अनुदान रकम रू. .......... चन्दा रकम रू................. जनसहभागिता रकम रू. ...........

जम्मा रकम रू. .............................

३. हालसम्मको खर्च रू. .....................

क. कार्यालयबाट प्राप्त रकम रू.............

१. निर्माण सामग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि) रू. .

२. ज्यालाः– दक्ष रूः– अदक्ष रू.

जम्मा रू. -

३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रू.

४. दैनिक भ्रमण भत्ता (सम्झौतामा स्वीकृत भए) रू.

५. प्राविधिक निरीक्षण बापत खर्च (सम्झौतामा स्वीकृत भए) रू.

६. अन्य

ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रूः .................. श्रमको मूल्य बराबर रकम रू. ......................

जिन्सी सामान मूल्य बराबर रकम रू. .............

कूल जम्मा रू. .............

४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रू. .............

५. उपभोक्ता समूहको निर्णय बमोजिम/समीक्षाबाट खर्च देखिएको रू. .............

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरूः क. ख. ग.

७. समाधानका उपायहरू

क.

ख.

ग.

८. कार्यालयबाट र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझावः

क.

ख.

ग.

९. हाल माग गरेको किस्ता रकम रू.

१०. मुख्य खर्च प्रयोजन

११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौं ।

| | | | |
|---|---|---|---|
| ............. | ............. | ............. | ............. |
| तयार गर्ने | सचिव | कोषाध्यक्ष | अध्यक्ष |

# सूर्योदय नगरपालिकाको  लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८०

**प्रस्तावना:** नेपालको संविधानको प्रस्तावनामा उल्लेख भएको “सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै ,वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिकविभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प” लाई साकार पार्न नगरपालिकाद्धारासंचालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउँदै राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका प्रतिबद्धता अनुसार कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकामा लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्यान्वयन तथा प्रवर्द्धन गर्न वाञ्छनीय भएकालेसूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि,२०८० पारित गरी लागू गरेको छ।

## परिच्छेद –१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **सूर्योदय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि,२०८०** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिका बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले सूर्योदय नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरूको संयोजित रूप सम्झनु पर्छ ।

(घ) "योजना" भन्नाले समग्र विकास निर्माण सम्बन्धी कार्यको लागि तयार गरिएको नगरपालिकाले तयार गरेको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकीकृतशहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीतिक योजना आदि सम्झनु पर्छ ।

(ङ) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तर युक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट वञ्चित भई गरिबी तथा सामाजिक रूपमा वञ्चितिकरणमा परेका समूहहरूलाई विकास निर्माण र कार्यसम्पादनका प्रक्रियामा सहभागी गराई उपलब्ध अवसर, स्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

(च) "लैङ्गिक सम्पर्क व्यक्ति" भन्नाले नगरपालिकामा समावेशी विषय हेर्नेगरी सम्पर्क व्यक्तिको रूपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(छ) "लैङ्गिक बजेट" भन्नाले विभिन्न जात जाती, क्षेत्र, वर्ग र समुदाय, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागीता मूलक ढङ्गले सम्बोधन गदै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको

सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

(ज) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ ।

(झ) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका नगरपालिकाको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई वा समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफा मूलक संस्था सम्झनु पर्छ ।

(ञ) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवम् अधिकतम उपयोग गर्ने प्रक्रिया हो ।

(ट) "वञ्चित समूह" भन्नाले परम्परागत रूपमा लामो समयदेखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता सम्झनु पर्दछ ।

(ठ) "अल्पसङ्ख्यक" भन्नाले सङ्घीय कानुन बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसङ्ख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकाङ्क्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

(ड) "सीमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका

सङ्घीयकानुन बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

(ढ) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट वञ्चित महिला, पुरुष, यौनिक तथा लैङ्गीक अल्पसङ्ख्यकलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनु पर्छ ।

(ण) "लैङ्गिक समानता" भन्नाले महिला, पुरुष, यौनिक तथा लैङ्गीक अल्पसङ्ख्यक बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

(त) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष, यौनिक तथा लैङ्गीकअल्पसङ्ख्यक र विभिन्न सामाजिक समूहहरू बीचको असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ ।

(थ) "लक्षित समूह" भन्नाले संविधानको भाग १८ मा उल्लेख भएको सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकका अतिरिक्त नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

(द) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट" भन्नाले नगरपालिकाको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति,

क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागिता मूलक ढङ्गले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समता मूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ ।

(ध) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण" भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक तथा लैङ्गीक अल्पसङ्ख्यक बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ ।

(न) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा यौनिक तथा लैङ्गिक अल्प सङ्ख्यकहरूलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

(ऩ) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र

प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

(प) "लैङ्गिक तथा सामाजिक रूपमा वञ्चितिकरणमा परेका व्यक्ति र समूहहरू" भन्नाले सामाजिक विकास क्रमसँगै वर्षौं देखि जातजाति, जनजाति, लिङ्ग, अपाङ्गता तथा धर्मका आधारमा अस्तित्व पहिचान गुमाई राज्यले उपलब्ध गराउने सेवा वा सुविधामा समान अवसर र पहुँच साथै सेवा सुविधाको उपभोग वा उपयोगमा भेदभावमा परेका समूहहरूको अवस्थालाई सम्झनु गर्दछ।

(फ) "लैङ्गिक प्रभाव विश्लेषण" भन्नाले नीति तथा अभ्यासहरूको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ।

(ब) "सशक्तिकरण" भन्नाले विकासका अवसरहरूबाट वञ्चित, स्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका, अशक्त वा कमजोर वर्गलाई सबल बनाउने कार्यलाई सम्झनु पर्दछ।

(भ) "लैससास कार्यदल" लैससास परीक्षणका लागि नगरपालिकाले तयार गर्ने लैससास मैत्री कार्यदललाई सम्झनु पर्दछ।

## परिच्छेद –२

## कार्यविधिको उद्देश्य, नीति, सिद्धान्त, रणनीति र कार्यक्षेत्र

३. **कार्यविधिको उद्देश्य:**यस कार्यविधिको मुख्य उद्देश्य लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रूपमा स्थानीयकरण गरी नगरपालिकाले गर्ने सम्पूर्ण विकासका कार्यहरूलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक स्रोतको सुनिश्चतता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। यसका विस्तारित उद्देश्यहरू यस प्रकार छनः

(क) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला र सामाजिक रूपमा वञ्चितीकरणमा परेका व्यक्ति र समूहहरूलाई समावेश गरी, लैङ्गिक समानता र सबै जातजाती तथा समुदायको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेद प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

(ख) महिला र सीमान्तकृत समूहहरूलाई समावेश गरि उनीहरूको योजनाबद्ध रूपमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि गरी नगरपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थ पूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

(ग) नगरपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

**४. नीतिः** यो कार्यविधिको कार्यान्वयन गर्दा देहायका नीतिहरूअवलम्बन गरिनेछ।

(क) नगरपालिकाले सञ्चालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समूहको अर्थपूर्ण सहभागिताका लागि कार्यक्रम कार्यान्वयन गरि मूल प्रवाहिकरण र सशक्तिकरण गर्दै लगिने नीति लिनेछ।

(ख) नगरपालिका, सेवा प्रदायक सरोकारवाला संस्थाहरू, महिला र सीमान्तकृत समूहहरूलाई समावेश गरि योजनाबद्ध रूपमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि गर्दै नगरपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थ पूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

**५. रणनीति:** यो कार्यविधी कार्यान्वयनका लागि देहायका रणनीतिहरूअवलम्बन गरिनेछ।

(क) स्थानीय तहमा महिला, गरिब र वञ्चितमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावरण र संस्कृति, योजना, बजेट, पहुँचयुक्त अवसर, सेवा युक्त कार्य, अनुगमन, मूल्याङ्कन र अनुसन्धान आदि कार्य मार्फत वञ्चितीकरणमा परेका समुदायहरूको समस्या र सवाल पहिचान गरि, उनीहरूलाई विशेष अवसर दिई सवाल र समस्याको सम्बोधन गर्दै स्थानीय विकास प्रक्रियामा उनीहरूको मुलप्रवाहिकरण गरिनेछ।

(ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण स्थानीय सरकारको संरचना र कार्यक्रमहरूमा समावेश गरि लैङ्गिक समानता र सबै पहिचान र पृष्ठभूमिका नागरिकहरूको अर्थ पूर्ण सहभागिता गराई लैङ्गिक तथा सामाजिक मूलप्रवाहिकरण गर्दै लगिनेछ।

(ग) विकासका अवसरबाट वञ्चित, स्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका असक्त, गरिब, महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडाबर्ग, अल्पसङ्ख्यक आदिको स्थानीय तहको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई, सवल बनाई उनीहरूको सशक्तिकरण गर्दै लगिनेछ।

**६. कार्यविधिको कार्यक्षेत्र:** संविधानको धारा १८ मा व्यवस्था भएको समानताको हक अन्तर्गत "सामाजिक वा सांस्कृतिक द्दष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, यौनिक अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति,

गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन" भन्ने व्यवस्था बमोजिम सूर्योदय नगरपालिकाले ती वर्गका हितका लागि विगतमा गरेका गतिविधिहरूको यस कार्यविधिमा तोकिएका सूचकहरूको अधिनमा रही परीक्षण वा लेखाजोखा गर्नेकार्य यस कार्यविधिको कार्यक्षेत्रमा पर्दछ ।

यसैगरी नगरपालिकामा आफ्नो कार्यक्षेत्र बनाई सामाजिक क्षेत्रको विकासका लागि विभिन्न गतिविधिहरू संचालन गर्ने विकास साझेदारहरू जस्तै सङ्घीय सरकार, प्रदेश सरकार, अन्तर्राष्ट्रिय गैसस, गैसस तथा सामाजिक संस्थाहरूले यस क्षेत्रमा गरेका क्रियाकलापहरूको मापन गर्ने कार्य समेत यसै कार्यविधिको कार्यक्षेत्र मानिने छ ।

## परिच्छेद –३

## लैससास परीक्षण विधि तथा प्रक्रियाहरू

**७. लैससास परीक्षण विधि:-**नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण गर्दा एउटा लैससास मैत्री कार्यदल बनाई कार्य गरिनेछ । लैससास परीक्षण कार्यान्वयन गर्दा निम्न विधिहरू अपनाई नगरपालिकामा लैससासको अवस्था विश्लेषण गरिनेछ ।

(१) दस्तावेज समिक्षा:-लैससास कार्यदलले नगरपालिकाको दस्तावेजहरू (जस्तै ऐन, कानुन, नीति, कार्यविधि, क्षमता विकास योजना वार्षिक योजना, आवधिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिकसमीक्षाको प्रतिवेदन, विकास बुलेटिन, जिल्ला, नगर, र नगरपालिका प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरू आदिको लैससासको दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरी Inception प्रतिवेदन तयार गरिनेछ ।

(२) लक्षित समुदाय छलफल:-लैससास बजेट परीक्षण गर्दा नगरपालिकासँग सरोकार राख्ने समूहहरू सँग सम्बन्धित सवालहरूमा अझ बढि जानकारी लिनको लागि कार्यविधिको अनुसूचीमा संलग्न प्रश्नावलीहरूका आधारमा लक्षित समुदाय छलफल गरिनेछ ।

(३) मुख्य सूचनादातासँग अन्तरवार्ता:-लैससास परीक्षणको गोष्ठी सञ्चालन पूर्व सम्बन्धित सूचना सङ्कलन र छलफलहरूबाट आएका नतिजाहरूको बारेमा पुस्ट्याई तथा थप जानकारी लिनका लागि नगरपालिकाका मुख्य सरोकारवाला वा प्रतिनिधिहरूसँग अन्तर्वार्ता गरिनेछ ।

(४) लैससास कार्यशाला सञ्चालन (सूचकहरूको लेखाजोखा):-

(क) ५ वटा मुख्य विषय र २२ वटा सहायक विषयहरु माथि छलफल गर्न १०० वटा सूचकहरु तय गरिएको छ । प्रत्येक मुख्य विषयहरुको पूर्णाङ्क २० /२० अर्थात ५ वटा मुख्य विषयहरुको जम्मा पूर्णाङ्क १०० रहेको छ । प्रत्येक मुख्य विषयका २० वटा उप शिर्षकहरु रहेका छन् । प्रत्येक सूचकको पूर्णाङ्क १ रहेकोछ । प्रत्येक सूचकहरुमा अङ्कभार प्रदान गर्दा प्रमाणिकरणका आधारहरुलाई अध्ययन गरिनु पर्छ । यदि सूचकलाई पुस्ट्याई गर्ने प्रमाणिकरणको सबै आधारहरु पुगेका छन् भने १ अङ्कभार प्रदान गर्न, आंसिक मात्र पुगेका छन् भने ०.५ प्रदान गर्ने र केही पनि पुगेको छैन भने ० नम्बर प्रदान गर्ने ।

(ख) विभिन्न शीर्षकहरूमा प्राप्त अङ्कहरूलाई माकुरेजालोको चित्र (Spider Diagram) बनाई सहभागीहरू माझ उक्त नमुना चित्र राखिनेछ । सो चित्रले देखाएका राम्रा पक्षहरूलाई निरन्तरता दिंदै, कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा नगरपालिकालाई एक आदर्श स्थानीय तहको रूपमा स्थापित गर्न

आवश्यकताहरूको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासका लागि एकीकृत कार्य योजना बनाई अगाडि बनाइनेछ।

(५) सबल, सुधारात्मक, अवसर र चुनौती विश्लेषण:-लैससास कार्यदलले सहभागितात्मक विधिका आधारमा कार्यशालाकै अवधिमा लैससासका लागि विगतमा भए गरेका गतिविधिहरू र अनुभवको आधारमा नगरपालिकाको लैससास सम्बन्धी सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती पहिचान गरिनेछ।

(६) कार्ययोजना तयार :-सहभागितात्मक प्रक्रियाबाट पहिचान गरिएका सुधार गर्नु पर्ने पक्षहरूलाई समाधान गर्न अनुसूचीमा - ४ मा उल्लेख भएको ढाँचामा कार्ययोजना तयार गरिनेछ। यस कार्ययोजनालाई नगरपालिकाले वार्षिक रूपमा अनुगमन गरी सुधार भएका पक्षहरूलाई माकुरे जालोमा थप्दै उपलब्धिहरूलाई आंकलन गर्नुपर्ने छ। सुधार गर्नुपर्ने पक्षहरूलाई पुनः कार्ययोजना बनाई निरन्तर कार्यान्वयन गरिनेछ।

(७) प्रतिवेदन तयार: -यस कार्यविधिको अनुसूची ६ मा उल्लेख भएको लैससास परीक्षणको प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ। लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण गर्दा सहभागीहरू बीच भएको छलफलबाट आएको निचोडलाई प्रतिवेदनका रूपमा तयार गरिनेछ।

८. **लैससास परीक्षणका प्रक्रियाहरू**: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण मुख्यतः- तीन चरणमा विभाजन गरि चालू आ.व. को पहिलो चौमासिक भित्र सम्पन्न गरिनेछ।

(१) तयारी चरण (समय १ दिन) :-

(क) लैससास परीक्षणका उद्देश्य र प्रक्रियाका बारेमा जनप्रतिनिधि र कर्मचारीहरूलाई जानकारी गराउने, अभिमुखीकरण गर्ने।

(ख) कार्यशाला गोष्ठीको पूर्व तयारी तथा चाहिने सामग्रीहरूको व्यवस्था गर्ने ।

(ग) जनप्रतिनिधि तथा कर्मचारीहरूसँग तयारी बैठक बस्ने, लैससास परीक्षणको लागि सहभागीहरूको सूची तयार गर्ने, लैससास कार्यशाला गोष्ठी सञ्चालनको लागि मिति, स्थान, समय अवधि तोक्ने ।

(घ) लैससास परीक्षणका लागि कार्यदल बनाउने ।

(२) कार्यान्वयन चरण ( समय ३ दिन) :-

(क) नगरपालिकाका प्रमुख, उप प्रुमख, कार्यपालिकाका सदस्यहरू, कर्मचारी र समितिका पदाधिकारीहरू समेत लैससास परीक्षण बैठकमा समावेश गराइनेछ ।

(ख) लैससासपरीक्षण कार्यशाला गोष्ठीको समय २ दिन र पुष्ट्याईका आधारहरू संकलन गर्न १ दिन लाग्नेछ ।

(ग) लैससास परीक्षण कार्य नगरपालिकाको आन्तरिक स्व–लेखाजोखा कार्यक्रम भएको हुनाले नगरपालिकामा यस विषयमा विशेष सहजीकरण गर्ने सीप भएका व्यक्तिले सहजीकरण गर्न सक्नेछन् ।

(घ) लैससास परीक्षण कार्यको सहजीकरण गर्न नगरपालिकाले आवश्यक ठानेमा बाह्य स्रोत व्यक्ति पनि लिन सकिनेछ ।

(ङ) नगरपालिकाका पदाधिकारीहरू र कर्मचारीहरूको सहभागिताद्वारा लेखाजोखाको ढाँचा अनुसूची १ अनुसारको प्रश्नावलीहरूमा छलफल गरी अङ्क दिइनेछ ।

(च) प्रत्येक प्रश्नावलीमा पाएको अङ्कको आधारमा नगरपालिकाको वर्तमान अवस्था अनुसूची २ अनुसारको माकुरे जालोमा चित्रण गरिनेछ ।

(छ) प्राप्ताङ्कको आधारमा नगरपालिकाको लैससास क्षेत्रको सबल पक्ष, सुधार गर्नुपर्ने पक्षहरू, अवसर र चुनौती पहिचान हुनेछ । अनुसूची ३ अनुसार पूर्णाङ्क अङ्क प्राप्तलाई सबल पक्ष र त्यसभन्दा कम प्राप्ताङ्कलाई सुधार गर्नुपर्ने पक्षमा राखिनेछ ।

(ज) पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरूलाई समाधान गर्न अनुसूची ४ कार्ययोजना तयार  गरिनेछ ।

(३) प्रतिवेदन चरण ( समय २ दिन) :

माथि उल्लिखित विश्लेषणका आधारमा कार्यपालिकामा पेश गर्नका लागि लैससास कार्यदलले विस्तृत प्रतिवेदन तयार गर्नेछ । यस्तो प्रतिवेदन कार्यपालिका बैठकमा पेश गरी प्राप्त सुझाव तथा निष्कर्षहरूको कार्यान्वयन गरिनेछ । मुख्य प्राप्तिहरूअनुसूची ५ मा र प्रतिवेदनको ढाँचा अनुसूची ६ मा उल्लेख गरिने छ ।

**९. कार्यविधिको संशोधन:**

सूर्योदय नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० मा थपघट तथा संशोधन गर्नु परेको खण्डमा यसको भावना र मर्मलाई थप सुदृढ गर्ने गरी कार्यपालिकाको निर्णयबाट थपघट तथा संशोधन गर्न सकिनेछ ।

## अनुसूची १

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचकहरू

## (GESI Audit)

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | **नीति, कानून, योजना** | **२०** | | |
| १ | **नीति, कानून, योजना २०** | **नीति र कानूनमा समावेशिता\ सहभागिता** | १.१.१ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु | ०-१ | | स्थानीय तहले स्वीकृत गरेका नीति तथा कानूनी दस्तावेजहरु र स्वीकृतिको लागि प्रस्तुत गरेका मस्यौदा नीति तथा कानूनी दस्तावेजहरु |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे \नगरेको । | | | |
| २ | | | १.१.२ | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको द्दष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गरि सुनिश्चित गर्ने गरे /नगरेको । | ०-१ | | स्थानीय सरकारलेआफ्ना नीति, कानून, योजना का दस्ताबेजहरू र लेखाजोखा सम्पन्न भएको प्रमाणित गर्ने कागजातहरु |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| ३ | | | १.१.३ | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु समावेश भए /नभएको । | ०-१ | | स्थानीय सरकारकास्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनासम्वन्धी दस्तावेजहरू |
| ४ | | | १.१.४ | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, | ०-१ | | स्थानीय सरकारकोमहिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण  र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्नेनीति दस्तावेज र स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकाहरू |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु छन् /छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे/नगरेको । | | | |
| ५ | | | १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा | ०-१ | | स्थानीय तहलेकार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिहरू र तिनको लैससास दृष्टिले विश्लेषण गरिएको दस्तावेज |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको / नराखिएको । | | | |
| ६ | | | १.१.६ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए / नमिलाएको । | ०-१ | | महिला तथावञ्चितीमा परेको समुदाय माथि हुने विभेद उपर सुनुवाई भएका प्रमाणित कागजातहरू र माहिलातथावञ्चितीमापरेकासमुदायहरुकोस्वयम भनाइहरुको दस्तावेज |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| ७ | | | १.१.७ | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहे। नरहेको। | ०-१ | | महिला र पुरूषमाश्रमको ज्याला भुक्तानी दस्तावेज |
| ८ | | | १.१.८ | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे /नरहेको | ०-१ | | स्थानीय तहकोश्रम नीति दस्तावेज र यसको समीक्षा प्रतिवेदन |

| सिनं | मूल विषय | सहायक विषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | **१. जम्मा** | **८** | | |
| ९ | | योजना तर्जुमा तथा कार्यान्वयन | १.२.१ | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरे/नगरेको । | ०-१ | | आवधिक योजना र वार्षिक योजना तथा कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य विश्लेषण दस्तावेज |
| १० | | | १.२.२ | गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | ०-१ | | गाउँपालिका ।नगरपालिकाको महिला, बालबालिका, तथा बञ्चितीकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा सो |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित  समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे / नगरेको । | | | समूहकोस्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारणगरेको बजेट सीमा |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| ११ | | | १.२.३ | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे, नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकता मा पर्ने गरे/नगरेको । | ०-१ | | स्थानीय सरकारकोयोजना तर्जुमा गर्दा भएका सहभागीहरूको सूची, फोटो र वडास्तरबाट छनौट भएका योजनाको सूची र लक्षितसमुहले छनौट गरेका कार्यक्रमको सूची |
| १२ | | | १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा | ०-१ | | बजेट तर्जुमा मार्गदर्शनको प्रति र यसमायोजना तर्जुमागर्दा महिला तथा बञ्चितिकरणमा परेका समूहहरूको व्यावहारिक र रणनीतिक आवश्यकतापहिचान र परिपूर्ति गर्ने विषय समावेश भएको छ छैन |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | छलफल हुने गरे/नगरेको । | | | |
| १३ | | | १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए /नगरिएको । | ०-१ | | योजना तर्जुमागर्दा महिला र पुरुष एवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमाआवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तयारी प्रतिवेदन |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| १४ | | | १.२.६ | स्थानीय तहले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे / नगरेको। | ०-१ | | स्थानीय सरकारलेदीगो विकासका लक्ष्यहरू स्थानीयकरण गरेको दस्तावेज र सोलाई प्राप्त गर्नेकार्यक्रमहरू बजेट विनियोजनदस्ताबेज |
| १५ | | | १.२.७ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई | ०-१ | | स्थानीय तहकयोजना दस्तावेज |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रत्यक्ष लाभ पुग्नेगरी बने /नबनेको। | | | |
| १६ | | | १.२.८ | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भए। नभएको र मुख्य कार्यकारी पदको जिम्मेवारी दिए / नदिएको। | ०-१ | | स्थानीय सरकारकाउपभोक्ता समिति व्यवस्थापन सम्वन्धी कानूनका प्रावधानहरू र केही योजनाको नमूना अवलोकन |
| | | | | **२. जम्मा** | **८** | | |

| सिनं | मूल विषय | सहायक विषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| १७ | | बजेट तर्जुमा तथा कार्यान्वयन | १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने गरिए / नगरिएको । | ०-१ | | बजेट तथाकार्यक्रम तर्जुमा अघि समुदायका सरोकारवालाहरू सँगको छलफल र परामर्श तथाविपन्नतास्तरीकरण सम्वन्धी आवधिक दस्तावेज |
| १८ | | | १.३.२ | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी | ०-१ | | स्थानीय सरकारको बजेट विनियोजन र लैससास परीक्षण दस्तावेजहरु |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए/नगरिएको र सोको कार्यान्वयन भए/नभएको। | | | |
| १९ | | | १.३.३ | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम | ०-१ | | स्थानीय सरकारको बजेट विनियोजन र लैससास परीक्षण दस्तावेजहरु |

| सिनं | मूल विषय | सहायक विषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | बार्षिक योजनामा समावेश गरिए /नगरिएको र सो को कार्यान्वयन भए/नभएको । | | | |
| २० | | | १.३.४ | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम संचालन गर्ने गरिए /नगरिएको । | ०-१ | | बजेट तथाकार्यकमबीच भिडान नतिजा निकाल्ने, बजेट तथा कार्यक्रम दस्तावेज । |

| सिनं | मूल विषय | सहायक विषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | **३. जम्मा** | **४** | | |
| | | | | **संस्थागत व्यवस्था** | **२०** | | |
| २१ | संस्थागत व्यवस्था २० | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | २.१.१ | स्थानीय तहको निर्णायक तहमा महिलाहरू (पदाधिकारी/कर्मचारी) को समानरुपमा ( ५० /५० प्रतिशत) प्रतिनिधित्व भए/नभएको। | ०-१ | | स्थानीय सरकारकोनिर्णायक तहमा रहेका (कर्मचारी।पदाधिकारी) को नामावली। |
| २२ | | | २.१.२ | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय | ०-१ | | स्थानीय सरकारकाकर्मचारीहरूको पदपूर्तिको सम्वन्धी नीति, कानून र अभ्यास सम्वन्धी दस्तावेज। |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | | लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिए/नलिएको र सो वमोजिम कार्यान्वयन भए/नभएको। | | | |
| २३ | | | २.१.३ | स्थानीय तहले महिला लगायत विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्वन्धीत लक्षित वर्ग वा समुदायको भाषा, | ०-१ | | स्थानीय सरकारले महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्ने रणनीति तथा कार्यनीति र सेवा प्रवाह दस्तावेज। |

| सिनं | मूल बिषय | सहायक बिषय | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
